पत्रिका समयमा नपुगेमा मोबाइल नम्बर ९८१०२९०४७४ मा सम्पर्क गर्नुहोस्

समाजलाई जोड्ने सत्य सञ्चार

# टुडे एक्सप्रेस

राष्ट्रिय दैनिक

www.etodayexpress.com

इ-पेपर हेर्नका लागि

❑ वर्ष १६ ❑ अंक ३२० ❑ पृष्ठ ८ २०७८ असोज २० बुधवार (2021 OCTOBER 06 WEDNESDAY) ❑ मुल्य रु ५।-

राज्यमन्त्री श्रेष्ठ एकै दिन तीन अस्पताल पुगेपछि.. 03 | युनिलिभरविरुद्ध खाद्य ऐन अनुसार मुद्दा तयार गत 0५ | हेटौंडामा बजार अनुगमनतीन व्यवसायीलाई 0७

## चालक अनुमतिपत्रः सङ्घ र प्रदेशको आ-आफनै नियम

**टुडे एक्सप्रेस** / काठमाडौं




१९ असोज, यातायात व्यवस्था विभागले केही समय पहिले प्रयोगात्मक परीक्षामा ७० प्रतिशत ल्याउनेलाई उत्तीर्ण गरिने गरी परीक्षासम्बन्धी कार्याविधि जारी गरेको थियो। प्रदेश कार्यालयले भने सतप्रतिशत नै ल्याउनेलाई मात्रै सो परीक्षामा उत्तीर्ण गराइरहेको छ।

सङ्घीय ऐनमा पाँचपाँच वर्षमा चालक अनुमतिपत्र नवीरकणको व्यवस्था छ। वाग्मती प्रदेश सरकारले बनाएको ऐनमा भने १०/१० वर्षमा नवीरकरण गर्ने व्यवस्था छ। यसैगरी विदेशमा बनाइएका 'स्मार्ट' चालक अनुमतिपत्रका आधारमा नेपाली चालक अनुमतिपत्र दिइने व्यवस्था सङ्घीय ऐनमा छ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा नेपालीकरणको व्यवस्था भए पनि प्रदेश अन्तर्गतका यातायात व्यवस्था कार्यालयले सोझै अनुमतिपत्र दिन मानेका छैनन्। प्रयोगात्मक परीक्षा (ट्रायल) पास गरेपछि मात्रै अनुमतिपत्र दिन सकिने कार्यालयले जनाउँदै आएका छन्।

चालक अनुमतिपत्र नेपालीकरण, परीक्षा प्रणाली र नवीकरण उदाहरण मात्रै हुन। नयाँ संविधान जारी भएपछि यातायात क्षेत्र खासगरी चालक अनुमतिपत्रमा सङ्घ र प्रदेशबीच कार्यक्षेत्रमा अन्यौलता देखिएको छ। सङ्घले एकाथरी निर्णय गर्दा वा सङ्घीय ऐनमा एकाथरीको व्यवस्था हुँदा प्रदेशले अर्कै किसिमको ऐन बनाएको छ। यातायात प्रदेश सरकारको एकल अधिकार जनाउँदै सङ्घीय सरकारको ऐन, कानून, निर्णय नमान्ने गरेको पाइएको छ।

अनुमतिपत्रमा देखिएका समस्या प्रदेश सरकार आफैं पनि समाधान नगर्ने र सङ्घीय सरकारको निर्णय पनि नमान्दा समस्या आइरहेको विभागका महानिर्देशक नमराज घिमिरेले बताउनुभयो। अहिले अनुमतिपत्र छपाइ र सफ्टवेयर बाहेक बाँकी सबै जिम्मेवारी प्रदेश सरकारको हो। सफ्टवेयरमा समस्या आउदा सुधारका लागि विभाग तयार रहेको उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "प्रदेश आफैंले निर्णय नगरेसम्म हामीले सच्याउन सक्दैनौं।"

सङ्घीय ऐनसँग प्रदेश ऐन बाँझिएकाले पनि पटकपटक समस्या आइरहेको छ। सङ्घीय सरकारले संविधानअनुसार ऐन बनाउन बाँकी छ भने कतिपय प्रदेशले ऐन बनाएर लागू गरिकसकेका छन्। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा विधेयक छलफलका क्रममा रहेको छ।

प्रदेशले बनाएको कानून बाझिँदा कसरी कार्यान्वयन गर्ने भनी समस्या देखिन थालेको उहाँले बताउनुभयो।

प्रदेशले एकल अधिकारको सूचीमा भएकाले सङ्घीय कानूनको बेवास्ता गरेर ऐन बनाए पनि कार्यान्वयन सजिलो नभएको उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "यातायातका धेरै विषय अन्तर प्रदेश जोडिने भएकाले कार्यान्वयन सजिलो छैन।" कानूनकै विषयमा कतिपय अस्पष्टता रहेको र कतिपय विषय कार्यान्वयन सजिलो नभएको महानिर्देशक घिमिरेले बताउनुभयो।

प्रदेशभित्र चल्ने सवारीसाधनको भाडादर निर्धारणको जिम्मेवारी प्रदेश सरकारको हो भने अन्तर प्रदेश चल्ने सवारीसाधनमा भाडादर निर्धारणको जिम्मेवारी सङ्घीय सरकारको हो। कतिपय प्रदेशबीचको दूरी १५ मिनेट मात्रै भएको र प्रदेश प्रदेशबीच फरक-फरक भाडादर कायम हुँदा कार्यान्वयन अप्ठेरो हुनसक्ने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "नयाँ बन्ने सङ्घीय ऐनमा पनि यी कुरा समेट्न खाँचो छ।"लामो समयदेखि अनुमतिपत्र नेपालीकरण रोकिएकाले सेवाग्राही हैरान छन्।

पहिले एकान्तकुनास्थित यातायात व्यवस्था कार्यालयले नेपालीकरण गर्दा कतिपय कागजात नक्कली भएकाले कर्मचारी कारवाहीमा परेका थिए। त्यसयता अरु यातायात कार्यालयले पनि नेपालीकरण गर्न मानेका छैनन्। गलत काम गर्ने व्यक्ति कारवाहीमा परेपनि ऐनमा भएको व्यवस्था नै कार्यान्वयन गर्दिन भन्न नमिल्ने महानिर्देशक घिमिरेले बताउनुभयो। उहाँले भन्नुभयो, "दूतावासबाट सिफारिस ल्याउनु भन्न सकिएला तर कार्यान्वयन नै गर्दिन भन्न मिल्दैन।"

सङ्घीयताको कार्यान्वयनसँगै यातायात क्षेत्रमा अधिकार क्षेत्रको विवाद देखिन थालेको हो। पहिले सङ्घीय सरकारअन्तर्गत रहेका कार्यालय प्रदेशअन्तर्गत हस्तान्तरण भए पनि कार्यान्वयनमा भने समस्या देखिएको छ। कानून निर्माणदेखि कार्यान्वनसम्ममा दुवै सरकारबीच समन्वय आवश्यक भए पनि आ-आफ्नो तरिकाले चल्दा यसका मारमा सेवाग्राही परिरहेका छन्।

## बागेश्वरी मन्दिर व्यवस्थित पार्दै



**टुडे एक्सप्रेस** /

हिन्दूहरूको महत्वपूर्ण पर्व दसैं नजिकिएसँगै नेपालगञ्जस्थित प्रसिद्ध शक्तिपीठ बागेश्वरी मन्दिर व्यवस्थित गर्न थालिएको छ। नेपालगञ्जको मध्यभागमा रहेको यो मन्दिर आउजाउ गर्ने दुई बाटामध्ये पश्चिमतर्फको बाटो साँघुरो छ। उक्त बाटोको दुवै छेउमा ठेला र घुम्ती पसल राख्नाले झन साँघुरो भएकाले बाटो खुल्ला राख्न स्थानीय बासीको माग छ।

मन्दिर प्रवेश गर्ने पूर्वतर्फ न्युरोडको बाटो भने फराकिलो छ। मन्दिर परिसरमै धार्मिकलगायत अन्य सामग्री बिक्री गर्न खोलिएका पसलका कारण दर्शन गर्न आउने भक्तजनले कष्ट भोग्नुपर्ने स्थिति आउन नदिन पनि उनीहरूले सुझाएका छन्। नेपालगञ्ज-१३ शान्तिनगर निवासी सीता पौडेलको भनाइ छ "मन्दिर परिसरभित्रै खोलिएका पसलका कारण देवीको ढोकासम्म पुग्न हम्मेहम्ले पर्ने गर्छ।"

बागेश्वरी मन्दिर गुठी व्यवस्थापन समितिका सचिव गोपाल अधिकारी पसल व्यवस्थापनका लागि सटर निर्माण गरिएकाले अव त्यस्तो समस्या नआउने जिकिर गर्नुहुन्छ। उहाँका अनुसार दसैंको तयारीकै क्रममा अहिले मन्दिर क्षेत्रको नियमित सरसफाइदेखि अन्य भौतिक पूर्वाधार निर्माणका काम पनि धमाधम भइरहेका छन्। मन्दिरमा बाँकेलगायत बर्दिया, दाङ, सुर्खेत, दैलेख र भारतका विभिन्न स्थानबाट भक्तजन दर्शन गर्न आउने गर्छन्। माता बागेश्वरीको दर्शन गरेमा सबै मनोकामना पूरा हुने विश्वास छ। यो मन्दिरमा दसैंको अष्टमी र नवमीका दिन पशु बलि दिने परम्परा बस्नाका साथै भने भाकल गरेकाले जिब्रो नै छेद्न गरेर आस्था प्रकट गर्ने गर्दछन्।जिल्लामा अहिले कोरोनाको जोखिम कम भएकाले यो दसैंमा मन्दिरमा भक्तजनको चाप बढ्ने आकलन गरिएको छ। यसका साथै भारतसँगको मुख्य सीमानाका जमुनाहा पूर्णरुपमा खुलेकाले भारतबाट पनि धेरै भक्तजन दसैंमा आउने सम्भावना छ। सोहीअनुरुप मन्दिर गुठी व्यवस्थापन समितिले मन्दिरमा दसैं पूजापाठको तयारीलाई थप व्यवस्थित बनाएको हो।

समितिले मन्दिरमा सुरक्षाका लागि बाँकेका विभिन्न सङ्घ संस्था तथा सुरक्षा निकायसँग समन्वयसमेत अघि बढाएको सचिव अधिकारीको भनाइ छ। सतिदेवीको जिब्रो पतन भएको स्थानमा बागेश्वरी मन्दिर स्थापना भएको मन्दिरका मूल महन्त चन्द्रनाथ योगी बताउनुहुन्छ।

"माता बागेश्वरीको श्रद्धा र भक्तिपूर्वक पूजा गर्नेको मनोकांक्षा पूरा हुँदै आएको छ" उहाँको भनाइ छ। मन्दिरमा विशेष सङ्कल्प गर्ने भक्तजनले तोकिएको समयमा बागेश्वरी माताको खुल्ला दर्शन गर्न पाउने व्यवस्था पनि गरिएको मूल महन्तयोगी बताउनुहुन्छ।

## खोपकेको अध्यक्षमा चन्द्रकिशोर

**टुडे एक्सप्रेस** / काठमाण्डौं



खोज पत्रकारिता केन्द्र (खोपके) को अध्यक्षमा पत्रकार चन्द्रकिशोर झा सर्वसम्मत चयन हुनुभएको छ। खोपकेको आज सम्पन्न साधारणसभाले चन्द्रकिशोर को अध्यक्षतामा सर्वसम्मत कार्यसमिति चयन गरे को हो। संस्थाको उपाध्यक्षमा पत्रकार निर्मला शर्मा, महासचिवमा रामजी दाहाल र कोषाध्यक्षमा रामेश्वर बोहरालाई चयन गरिएको छ। त्यसैगरी थप दुई सदस्य पछि मनोनयन गर्ने गरी पत्रकार हरिबहादुर थापा, लक्ष्मी बस्नेत र राजाराम गौतमलाई सदस्यमा चयन गरिएको छ।


काठमाण्डु भिजन केयर एण्ड फेको सेन्टर

अमेरिका, स्विट्जरल्यान्ड र जापान बाट प्रशिक्षित काठमाण्डौं का वरिष्ठ नेत्र चिकित्सकद्वारा बिना INJECTION PHACO प्रविधिद्वारा मोतीबिन्दुको अप्रेशन तथा अन्य शल्यक्रिया गरिने जानकारी गराउँदछौं।

रामानन्द चौक देखि उत्तर बागबानी मेन गेटको पुर्व पट्टि आखा अस्पताल जनकपुरधाम

हाम्रो सेवाहरू

- दैनिक आखा जाच ओ पि डी म सेवा।
- २४ औ घण्टा इमर्जेन्सी सेवा उपलब्ध छ
- बिना सुइाको फेको प्रविधि द्वारा मोति बिन्दु अप्रेशन सेवा।
- आत्याधुनिक कम्प्युटर प्रविधि द्वारा आखा को पावर जाच सेवा।
- मासु पलाएको, आखाको ढकनी खसेको, डेढो आखा भएको अन्य आखा सम्बन्धि सम्पुर्ण अप्रेशन सेवा मधुमेह र रक्तचाप का कारण आखामा लाग्ने रोगहरूको उपचार सेवा।



सम्पर्क नम्बर

9807830283, 9807844550

9854029038, 9818800147, 9826733470

ओ पि डी खुल्ने समय दैनिक बिहान ८ बजे देखि बेलुका ६ बज्जे सम्म

विज्ञापन दर रेट सम्बन्धी सूचना

नेपाली राष्ट्रिय दैनिक टुडे एक्सप्रेसमा प्रकाशन हुने विज्ञापनमा मिति २०७७ मंसिर ५ गते देखि लागु हुने गरी दररेट निम्नअनुसार कायम गरिएको जानकारी गराइन्छ।


| Advertisement | B/W per Column/cm | | | Color per coulmn/cm | | |
|---|---|---|---|---|---|---|
| | Inside | Back | Front | Inside | Back | Front |
| Government | 1,225/- | 1,525/- | 2,525/- | 1,325/- | 2,025/- | 2,525/- |
| Private | 1,225/- | 1,225/- | 1,825/- | 1,225/- | 1,825/- | 2,325/- |
| Classified | 500/- | - | - | 1,025/- | - | - |
| Eear Panel Front | - | - | - | 6,025/- | - | - |
| Eco. Page Ear Panel | - | - | - | 4,025/- | - | - |
| Jacket Page (Front & Second Page) | 8,12,225/- | | | | | |
| Jacket Page ( Front & Back Page) | 10,00,555/- | | | | | |

उपरोक्त दर रेटमा नेपाल सरकारको कर समावेश गरिएको छैन्।

टुडे एक्सप्रेस राष्ट्रिय दैनिक,
कार्यालयः जनकपुरधाम, धनुषा, मो. ९८१०२९०४७४, ९८५४०२१२६६
ईमेल : design.todayexpressjnk@gmail.com

# दशैं लक्षित बजार अनुगमन तिव्र, म्याद गुज्रेको सामग्री नष्ट गरियो





**टुडे एक्सप्रेस** / रञ्जन भण्डारी

महोत्तरी,१९ असोज। महोत्तरीमा दशैं आउनै लाग्दा बजार अनुगमन तिव्र पारिएको छ। जिल्लाको जलेश्वर,सम्सी,रामगोपालपुर,गौशाला र औरही पालिकाहरूमा रहेको बजार अनुगमन गरि पसलहरूमा फेला परेको म्याद गुज्रेको अठहत्तरी हजार ८२५ रुपया बराबरको विभिन्न खाद्यय सामग्रीहरू नियन्त्रणमा लिई अनुगमन टोलीले नष्ट गरेको छ। महोत्तरीका सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेको नेतृत्वमा खाद्य प्रविधी तथा गुण नियन्त्रण कार्यालय,घरेलु तथा साना उद्योग कार्यालय,भेटेरेनरी अस्पताल,उपभोक्ता समिति,उद्योग वाणिज्य संघ,सुरक्षा टोली लगायत सम्मिलित टोलीले उक्त परिमाण वरावरको सामग्री नियन्त्रणमा लिई नष्ट गरेको हो। टोलीले बिस्कुट,जुस,चिसो पेय पदार्थ,घिउ,तेल,मसाला,पाउडर दुध,ह्याण्ड वास लगायतका विभिन्न म्याद गुज्रेको सामग्री सम्बन्धित पसलहरूलाई पहिलो पटकलाई चेतावनी दिदै नियन्त्रणमा लिई नष्ट गरेको हो। महोत्तरीका सहायक प्रमुख जिल्ला अधिकारी न्यौपानेले अझै केहि पालिकाहरूमा अनुगमन बाकि रहेकोमा यसलाइ नियमति गरिने बताए । उनले पहिलो पटकलाई चेतावनी दिईए पनि पुनः सोहि पसलहरूमा म्याद गुज्रेको सामग्री भेटिए कानुन बमोजिम सजाय हुने वताए। बजारमा हाललाई मुल्य र म्याद हेर्ने कार्य भैरहेपनि सम्सी र गौशाला लगायतका विभिन्न स्थानमा पुग्दा पसलहरू बन्द गरेर भागेको पाइएकोमा त्यसता पसलहरू शंकाको घेरामा रहेको र जुन पनि वेला उक्त पसलहरूमा छड्के जाँच गरि गलत भेटिएको खण्डमा कार्यवाहीमा लगिने बताए। उनले उपभोक्ताको स्वास्थ्यसंग प्रत्यक्ष सरोकार राख्ने खाद्यय सामग्रीमा म्याद र मुल्यले प्रभाव पार्ने भएकोले जनस्वास्थ्यसंग खेलवाड गर्नेलाई कानुन अनुसार कार्यवाही गर्ने बताए। सप्रजिअ न्यौपानेले गडबडी नहुने पसल संचालकहरू डराउनु पर्ने कुनै कारण नरहेको र झनै पसलमा केहि समस्या नदेखिए जनताको उनको पसलमाथी झनै विश्वास वढ्ने भएकोले अनुगमन टोलीलाई सहयोग गर्न व्यापारीहरूलाई आग्रह गरे।

# जग्गा विवादले हुलाकी सडक निर्माणमा असर



**टुडे एक्सप्रेस** / सप्तरी

जग्गा विवादका कारण पूर्व-पश्चिम हुलाकी राजमार्गअन्तर्गत सप्तरी खण्डको काम रोकिएको छ। जग्गासम्बन्धी विवाद भएपछि स्थानीयवासीले अदालतमा दायर गरेको मुद्दाका कारण सप्तरीका ठाउँ ठाउँमा सडक निर्माण रोकिएको हो।

पूर्व सदरमुकाम राजविराजदेखि पश्चिम बलान खोलासम्मको २५ किलोमिटर सडकमध्ये पश्चिम बलान खोलादेखि जमुनी चोकसम्म करिब १८ किलोमिटर सडकमा कालोपत्र भए पनि बाँकी करिब ७ किलोमिटर सडक जग्गा विवादका कारण अघि बढाउन नसकिएको रौता श्रेष्ठ डिवा जेभीका कन्ट्याक्ट म्यानेजर कमलप्रसाद यादवले बताए।

बोदे बसाइन बजारको शत्रुघ्न चोकदेखि पूर्व र इलाका प्रहरी कार्यालयको पश्चिम भागमा कालोपत्र भइसकेको छ। तर जग्गा अधिग्रहण विवादले इलाका प्रहरी कार्यालय पूर्व र शत्रुघ्न चोकदेखि पश्चिम बीचको करिब ३०० मिटर सडक निर्माण अझै गरिएको छैन।

बोदे बसाइन नगरपालिका-५ को उक्त सडकमा कब्रिस्तानको पर्खाल परेको र सो पर्खाल भत्काउन नमानेका कारण निर्माण अवरुद्ध भएको हो। सो क्षेत्रमा जग्गा अधिग्रहण गर्न स्थानीय तहले चासो नदेखाउँदा पनि समस्या समाधान हुन नसकेको स्थानीय बजारवासीको भनाइ छ।

कब्रिस्तानको करिब डेढ मिटर पर्खाल सडकको मापदण्डमा परे पनि भत्काउन नदिँदा त्यस खण्डमा निर्माण नगरिएको निर्माण व्यवसायी देवेन्द्र दाहालले बताए। जग्गासम्बन्धी मुद्दा पनि अदालतमा विचाराधीन रहेको अवस्थामा जग्गा अधिग्रहण गर्न स्थानीय तह नगरपालिका र वार्ड कार्यालयले पहल नगरेकाले समस्या यथावत् रहेको उनको भनाइ छ।

बोदे बसाइन नगरपालिकास्थित कुशमहार चोकमा पनि जग्गा विवाद कारण अदालतमा मुद्दा दायर गरिएकाले काम रोकिएको छ। यसैगरी सदरमुकाम राजविराजको खर्साल टोलदेखि राममन्दिरसम्मका विभिन्न व्यक्तिबाट अदालतमा मुद्दा परेकाले काम सम्पन्न गर्न ढिलाइ भएको छ। उक्त सडक निर्माण गर्ने ठेक्केदार कम्पनी विरुद्ध उच्च अदालत राजविराज इजलाशमा फरकफरक व्यक्तिद्वारा चारओटा मुद्दा दायर गरिएको थियो।

२०७७ असार मसान्तभित्र सडकको सबै काम सम्पन्न गर्ने लक्ष्य भए पनि निर्माणका क्रममा विभिन्न स्थानका बासिन्दाले अदालतमा मुद्दा दायर गरेको र समयमा पुल निर्माण नहुँदा काम अपेक्षाकृत रूपमा अघि बढाउन नसकिएको म्यानेजर यादवले बताए। सप्तरीको बिहुँल नदी, खडक, कजरा, मुतनी, घोडदहलगायत नदीमा ११ ओटा पुलको निर्माण सम्पन्न नहुँदा आवागमनमा कठिनाइ भइरहेको स्थानीयवासीको गुनासो छ।



## आजको राशिफल

**ई. बिबेक**
प्रसिद्ध ज्योतिषाचार्य
परामर्सको लागि सम्पर्क ९८१२००५३७८

**मेष :** (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) विभिन्न कार्यहरु सम्पन्न हुनेछन् । आफन्तको प्रगतिमा मन रमाउनेछ । दिनको उत्तरार्ध अधिक सुखद् रहनेछ ।

**वृष :** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) दैनिक कार्यमा सामाजिक तथा धार्मिक कार्यमा रूची बढ्नेछ । प्रेम सम्बन्ध र प्रणय प्रसङ्गका लागि पनि श्रेष्ठ समय रहेको छ ।

**मिथुन :** (का, कि, कु, घ, ङ, छ, के, को, हा) परिश्रम गर्दा धनार्जन हुनेछ । शिक्षामा सफलता मिल्नेछ । शेयरको कारोवारमा समेत सफलता मिल्नेछ ।

**कर्कट :** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) आज आतिथ्यपूर्ण सम्मान पाइएला । प्रेम र मित्रताको बन्धन कसिने बेला छ ।

**सिंह :** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । स्वादिष्ट भोजन पाइ 'नेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् ।

**कन्या :** (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो) दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । कुटुम्बको सहयोग मिल्नेछ । घरमा अतिथीको आगमन हुनेछ ।

**तुला :** (रा, रि, रू, रे, रो, ता, ति, तु, ते) नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । स्वास्थ्यमा खरावी रहला । आर्थिक कारोवारमा मन्दी आउनेछ ।

**वृश्चिक :** (तो, ना, नि, नु, ने, नो, या, यि, यु) शुभकार्यको चर्चा चल्नेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । विशिष्ठ व्यक्तिको साथ पाईनेछ ।

**धनु :** (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे) लगनशीलताले कामहरु अगाडी बढ्नेछन् । मनमा शान्ति र अनुहारमा कान्ति छाउला ।

**मकर :** (भो,जा,जि,जु,जे,जो,ख,खि,खु,खे,खो,गा,गि) आज वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । सामाजिक कार्यमा मन जाला । कूटनीतिक नियोगको सहयोग मिल्ला ।

**कुम्भ :** कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा) आज आर्थिक लेनदेनमा समस्या देखा पर्ला । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला ।

**मिन :** (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि) आजको समय उत्साहवर्द्धक नै रहला । श्रमको उचित मूल्यांकन होला । पढाइमा प्रगति हुनेछ ।

# प्रदेश २ मा संविधानको अपव्याख्या गरी सरकार सञ्चालन : सोनल



**टुडे एक्सप्रेस** / धनुषा

प्रदेश २ का प्रमुख प्रतिपक्ष लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) संसदीय दलका नेता जितेन्द्र सोनलले मुख्यमन्त्री लालबाबु नेतृत्वको सरकार अवैधानिक रहेको बताएका छन्।

मुख्यमन्त्री राउतले संविधानको धारा १८८ को उपधारा २ लाई अपव्याख्या गरी सरकार चलाएको सोनलले बताए।

'निर्वाचन आयोगबाट हामीले भदौ ९ गते लोसपाको प्रमाण पत्र लियौं, नेता सोनलले भने,' दल विभाजन ९ गते नै भयो। विश्वासको मत दल विभाजन भएको ३० दिनभित्र असोज ७ सम्म लिनुपर्ने थियो। ७ गतेपछि मुख्यमन्त्रीले संविधान उल्लंघन गरी सरकार सञ्चालन गर्दैछन्।'

संविधानको गलत ब्याख्या गरी मुख्यमन्त्री राउतले सरकार सञ्चलान गरेकोले लोसपाले प्रदेशसभामा प्रतिपक्षको भूमिका निर्वाह गर्ने उनले बताए।

मुख्यमन्त्रीले संविधानको धारा १८८ अनुसार दल विभाजन भएको ३० दिनभित्र विश्वासको मत लिने व्यवस्था छ। निर्वाचन आयोगले भदौ ९ गते जसपा विभाजन भएर लोसपा गठन भएको र प्रदेश सांसदहरू सनाखत गरेको जानकारी भदौ २५ गते प्रदेशसभा सचिवालयलाई जानकारी गराएको छ।

सोनलका अनुसार दल विभाजनको मिति भदौ ९ लाई मानेको खण्डमा मुख्यमन्त्रीले विश्वासको मत लिने समय असोज ७ गतेसम्म थियो। तर मुख्यमन्त्री राउतले बुधबार प्रदेश सभामा विश्वासको मत लिँदैछन्। पूर्वराजपा र संघीय समाजवादी पार्टी मिलेर बनेको जसपाबाट राउत मुख्यमन्त्री बनेका थिए।

# बाखा जोगाउन प्रतिरोधात्मक खोर



**टुडे एक्सप्रेस** / पर्सा

मानव र वन्यजन्तुबीचको द्वन्द्व कम गर्न बाखाको प्रतिरोधात्मक खोर निर्माण गरिएको छ। राष्ट्रिय प्रकृति संरक्षण कोषले पर्सा तथा चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रअन्तर्गत ठोरी गाउँपालिकामा यो कार्यक्रम सञ्चालन गरेको हो।

पर्साको ठोरी गाउँपालिका ३ शिकारीबासमा निर्माण गरिएको खोर। कोषका चितवनस्थित कार्यालय प्रमुख डा. बाबुराम लामिछानेका अनुसार पर्सा राष्ट्रिय निकुञ्जअन्तर्गतका सुवर्णपुरस्थित सुनाखरी, पञ्चमुखी, निर्मल र कुसुमबाटिका गरी ४ तथा चितवन राष्ट्रिय निकुञ्जअन्तर्गतका निर्मल ठोरी उपभोक्ता समितिसमेत गरी ५ वटा उपभोक्ता समितिमा यो कार्यक्रम सञ्चालन गरिएको हो। पहिलो चरणमा १ सय ७५ र दोस्रो चरणमा १ सय २५ गरी कुल ३ सय वटा बाखा खोर निर्माण गरिएका छन्।

सुनाखरीमा १ सय, पञ्चमुखी, निर्मल, कुसमवाटिका र निर्मलठोरीमा ५०/५० वटा खोर निर्माण गरिएका छन्। केएफडब्लू जर्मन बैंकले आईसीयूएन नामक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत यो कार्यक्रममा लगानी गरेको हो। केन्द्रमा विश्व वन्यजन्तु कोष कार्यक्रमले र स्थानीय स्तरमा राष्ट्रिय प्रकृति संरक्षण कोषले कार्यक्रम सञ्चालन गरेको छ। खोर निर्माणमा कुल ३३ लाख रुपैयाँ लगानी भएको छ।

ठोरी गाउँपालिका ३ स्थित पर्सा र चितवन राष्ट्रिय निकुञ्जको सिमाना क्षेत्रमा पर्ने यो टोलमा खोर निर्माण भएपछि स्थानीयले धेरै राहत महसुस गरेका छन्। स्थानीय राजेन्द्र चौधरीले आफ्ना बाखा खोरमा राख्न थालेको र त्यसपछि विगतको जस्तो चितुवाले खोरबाट बाखा लग्ने क्रम करिब अन्त्य भएको बताए। 'यसले एकातिर हाम्रो बाखाको नोक्सानी हुने क्रम रोकियो,' उनले भने, 'वन्यजन्तुबाट आफ्नो बस्तुभाउमा क्षति कम भएपछि मानव र वन्यजन्तुबीचको द्वन्द्व पनि न्यूनीकरण हुने भयो।' विगतमा चितुवाले बाखा लग्दा स्थानीयले चितुवा पक्रने वा मार्ने जस्ता क्रियाकलाप गर्थे। अहिले त्यस्तो भएको छैन। कोष प्रमुख लामिछानेले विगतमा स्थानीयको परम्परागत शैलीको खोरका कारण प्रायः चितुवाले बाखा लग्ने गरेको थियो। अब स्तरीय खोर निर्माण गरेर मानव र वन्यजन्तुबीच चल्दै आएको द्वन्द्व न्यूनीकरणको प्रयास गरिएको उनले बताए। अधिकांश खोर ४ देखि ६ वटासम्म बाखा अट्ने क्षमताका छन्। उपभोक्ताको आवश्यकताअनुसार खोरको आकार सानो र ठूलो पनि बनाइएको छ।

कार्यक्रमअन्तर्गत प्रतिखोर निर्माणका लागि उपभोक्तालाई कोषमार्फत ११ हजार रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराइएको छ। यो रकमबाट उपभोक्ताले खोर बनाउन मेस तार, जाली र टिन खरिद गरेका थिए। खोर बनाउने काठको फ्रेमको व्यवस्था उपभोक्ता आफैंले गरेका हुन। सुनाखरी उपभोक्ता समितिमा अध्यक्ष देवीप्रसाद दाहाल यो कार्यक्रम अत्यन्त प्रभावकारी भएको बताउँछन्। 'विगतमा दैनिकजसो बस्तीमा पसेर बाघ र चितुवाले खसीबाखा लग्थे, कतिपय गोठ त रित्तै बनाउँथे, त्यति बेला व्यवस्थित खोरको अभावमा हामीले धेरै नोक्सान व्यहोर्नुपर्‍यो,' उनले भने, 'अहिले पनि बाघ र चितुवा त आउँछन् तर खोर फुटाएर बाखा लग्न पाउँदैनन।'

# राज्यमन्त्री श्रेष्ठ एकै दिन तीन अस्पताल पुगेपछि..

**टुडे एक्सप्रेस** / भक्तपुर



१९ असोज , सोमबार भक्तपुर अस्पताल, भक्तपुर क्यान्सर अस्पताल र शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रको निरीक्षण एवं अवलोकनका क्रममा बिरामीको अत्यधिक चाप तर ठाउँ अभावले अस्तव्यस्त दृश्य र चुलिएको समस्या देखेर स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री उमेश श्रेष्ठको मन चस्स भयो।

भक्तपुर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा सुमित्रा गौतमले कोभिड-१९ का कारण बढ्दो बिरामी थेग्न बनाइएको अस्थायी संरचनादेखि रेक्टोफिटिङ हुँदै गरेको आकस्मिक कक्ष, नयाँ बन्दै गरेको भवन, कोभिड ब्लक, नयाँ आइसियुदेखि अस्पतालको समग्र अवस्थाका बारेमा मन्त्री श्रेष्ठलाई जानकारी गराउनुभयो। अस्पतालले कोभिड महामारीमा गरेको काम, विस्तार गरेको सेवा, ल्याब, एक्स-रेको अवस्था, कार्य मूल्याङ्कनमा ३८ प्रतिशतमा रहेको अस्पताललाई अहिले ८३ प्रतिशतमा पुऱ्याएर वागमती प्रदेशकै उत्कृष्ट अस्पतालको पुरस्कार पाउन सफल रहेको मन्त्री श्रेष्ठलाई उहाँले जानकारी गराउनुभयो। मेसु डा गौतमले कोभिडको तेस्रो लहरको तयारीस्वरुप अस्पतालले तयार पारेको ठूला बिरामीका लागि १६, भर्खर जन्मेका बच्चाका लागि १० र १८ वर्षमुनिका बिरामीका लागि १० गरी कूल ३६ शय्याको आइसियु, दैनिक एक हजार ५०० किलोलिटर लिक्विड अक्सिजन उत्पादन गर्नसक्ने अक्सिजन प्लान्ट, अक्सिजन ग्यास उत्पादन गर्ने प्लान्ट देखाउँदै भक्तपुरका अस्पताललाई पुग्ने अक्सिजन उत्पादनको तयारी अन्तिम चरणमा पुगेको जानकारी गराउनुभयो। राज्यमन्त्री श्रेष्ठसमक्ष अस्पतालले थोरै रकममा पनि धेरै उपलब्धि हासिल गर्दै कवाडी थुपारिएको ठाउँमा बिरामी राख्ने शय्यादेखि प्रशासनीक भवन र सभा हल बनाएको जानकारी गराउँदै जनशक्ति अभावले समस्या आएको गुनासो सुनाउनुभयो। भक्तपुर अस्पतालको अवस्था प्रत्यक्ष नियाल्नुभएका राज्यमन्त्री श्रेष्ठले ११८ वर्षको इतिहास बोकेको भक्तपुर अस्पतालले २०० शय्या सञ्चालनको लक्ष्य लिइरहँदा ठाउँ अभावले समस्या पारेको बताउनुभयो। भक्तपुर अस्पतालको क्षेत्रमा भक्तपुर क्यान्सर अस्पताल र मानव अङ्ग प्रत्यारोपण केन्द्रसमेत सञ्चालन गर्नु पर्दा ठाउँको अभाव झेल्नु परेको भन्दै उहाँले अस्पतालको सेवा विस्तारका क्रममा आवश्यक भौतिक पूर्वाधार र जनशक्तिको व्यवस्था सरकारको दायित्वमा रहने बताउनुभयो।

यहाँको सहरको यो मुख्य अस्पताल भएकाले गुणस्तरीय सेवाबाट माथि जानुपर्नेमा जोड दिँदै अस्पतालको स्तरोन्नति गर्नुपर्ने र अस्तव्यस्त भने देखिन नहुने औँल्याउनुभयो। कुनै पनि बिरामीको पहिलो गन्तव्य सरकारी अस्पताल हुनुपर्छ भन्दै उहाँले उपचारका लागि आएका बिरामीको त्यहाँ उपचार हुन नसके जिल्ला अस्पताल, प्रदेश अस्पताल, सङ्घका अस्पताल, त्यसपछि मेडिकल कलेज हुँदै त्यहाँ पनि उपचार हुन नसके अन्तिममा मात्रै निजी अस्पतालमा रिफर गर्ने गरी संयन्त्र निर्माण गर्नुपर्नेमा जोड थियो। राज्यमन्त्री श्रेष्ठले भन्नुभयो, "इमरजेन्सी अस्पतालको गहना हो, त्यसको सेवालाई २० प्रतिशत बढाउँदै जानुपर्छ, इमरजेन्सी यस्तो होस् कि बिरामी आएपछि अब म बाँच्छु भन्ने परोस्, बिरामीको भीड भएकाले अस्पतालको सेवालाई रातो, हरियो, पहेँलो, नीलो गरेर चारवटा क्लष्टरमा विभाजन गरेर सेवा दिनुपर्छ।" अस्पताल आफैँ आत्मनिर्भर हुने र गुणस्तरीय सेवा दिनेमा अग्रसर हुनुपर्नेमा जोड दिँदै उहाँले बीमा सेवालाई विस्तार गर्ने र पेइङ क्लिनिक सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो। "सरकारले अब सरकारी अस्पतालमा एक अस्पताल, एक चिकित्सकको अवधारणा अगाडि सारेको छ, सरकारी अस्पतालमा काम गर्ने चिकित्सक पैसाका लागि निजी क्लिनिकमा जानु नपर्ने गरी सेवा सञ्चालन गर्नु आवश्यक छ," राज्यमन्त्री श्रेष्ठले भन्नुभयो, "स्वास्थ्य बीमा गरेका बिरामीलाई प्रभावकारी र गुणस्तरीय सेवा दिने अनि पैसा तिर्न सक्ने बिरामीहरूका लागि ३ बजेपछि शुल्क लिएर सुविधासम्पन्न सेवा दिनुस्, चिकित्सकलाई त्यहीँबाट थप रकम दिनुस्, पैसाका लागि चिकित्सकलाई क्लिनिक धाउनै पर्दैन, बिरामीलाई निजी अस्पताल जानै पर्दैन, यो अवधारणामा अब जानुपर्छ।"

भक्तपुर अस्पतालको संरचना निर्माणदेखि सेवा विस्तारसम्मका लागि गुरुयोजना बनाएर ल्याउन निर्देशन दिँदै मन्त्री श्रेष्ठले सोच र योजना ठूलो राखेर अगाडि बढ्दै सबै कर्मचारीले यो मेरो हो भन्ने भावनाले काम गरेमा बजेटको अभाव हुन नदिने बताउनुभयो। बीमाले गरिब जनताले निःशुल्क उपचार पाएका छन् भन्दै उहाँले प्राविधिक कारणले रोकिएका बीमाको पैसा दसैँअगाडि नै पठाउने र अब बीमाको पैसा नरोकिने गरी व्यवस्था गरिने बताउनुभयो। सरुवाको सन्दर्भ कोट्याउँदै अस्पतालकी मेडिकल सुपरिटेन्डेन्ट डा सुमित्रा गौतमलाई उहाँले भन्नुभयो, "राम्रा काम गर्ने अस्पतालका प्रमुखको सरुवा हुँदैनन्, नराम्रो काम गर्ने र अस्पतालमा राजनीति धेरै गर्नेको मात्रै सरुवा हुन्छ, तपाईंको सरुवा हुँदैन ढुक्क भएर काम गर्नुस्।" अस्पताल विकास समिति र प्रतिष्ठान लथालिङ्ग रहेको भन्दै उहाँले सरकारी अस्पतालमा विकास समितिको ऐन बनाउन जरुरी रहेको औँल्याउनुभयो। अहिले ७५३ स्थानीय तहमा अस्पताल खोल्ने तर दरबन्दी अभावले समस्या पार्ने औँल्याउँदै उहाँले तत्काल २० हजार दरबन्दी आवश्यक रहेको बताउनुभयो।

### क्यान्सर अस्पताललाई अत्यावश्यक तीन मेसिन दिने प्रतिबद्धता

भक्तपुर क्यान्सर अस्पतालको निरीक्षणमा पुग्दा त्यहाँको अस्तव्यस्तताले पनि उहाँको मन कटक्क खायो। बिरामीसँगको कुराकानी, ठाउँ अभावमा पनि दिएको सेवा, अत्यावश्यक मेसिनहरूको अभाव देखेर सरकारले अस्पताललाई सहयोग गर्ने बताउनुभयो। देशका तीनवटा सरकारी क्यान्सर अस्पतालमा सरकारले पूरा दायित्व लिएर गुणस्तरीय र सुलभ सेवा उपलब्ध गराउनुपर्छ भन्दै उहाँले सरकारी अस्पतालप्रति रहेको जनताको विश्वासलाई गुम्न दिन नहुने औँल्याउनुभयो। स्वास्थ्य सरकारको मूल दायित्व भएकाले अब कोरोनाको खोप अभियान सम्पन्न भएपछि सरकारले पब्लिक हेल्थलाई राम्रो बनाउने अभियानमा लागेको उहाँको भनाइ छ।सरकारी अस्पतालमा भएको उपकरण बिग्रने, मर्मत नहुने र निजीमा बिरामी जानुपर्ने प्रचलनको अन्त्य गर्न मन्त्रालयको मातहत रहने गरी कम्तीमा २५ जनाको प्राविधिक इन्जिनियरसहितको टोली बनाएर जुन सरकारी अस्पतालमा मेसिन तथा उपकरण बिग्रन्छ, त्यहीँ गएर बनाउने व्यवस्था गर्ने योजना अगाडि सारेको उहाँले बताउनुभयो। स्वास्थ्यको क्षेत्रमा अब उज्यालो यात्राको सुरु गर्नुपर्छ भन्दै मन्त्री श्रेष्ठले क्यान्सरको उपचारमा राष्ट्रियस्तरमै यस अस्पतालको योगदान महत्वपूर्ण रहेको चर्चा गर्नुभयो। अत्यावश्यक मेसिन उपकरण नहुँदा क्यान्सरका बिरामी आज पनि विदेश जाँदा करोडौं रकम विदेसिने गरेकामा चिन्ता व्यक्त गर्दै यसलाई रोक्नुमा जोड दिनुभयो। मन्त्री श्रेष्ठले भन्नुभयो, "पब्लिक स्वास्थ्य संस्थाबाटै गुणस्तरीय सेवा दिने मिसन सफल पार्नुपर्छ, क्यान्सरको महँगो उपचारलाई सुलभ बनाउन र अस्पताललाई आत्मनिर्भर बनाउन सरकारले पिट स्क्यान, सिटी स्क्यान र अत्याधुनिक मेसिन ल्याउने व्यवस्था गरिदिन्छ।" अस्पतालले देशभरका बिरामीका लागि दिँदै आएको सेवा, समस्या र आवश्यक उपकरणको अभावका बारेमा मन्त्री श्रेष्ठलाई जानकारी गराउँदै अस्पतालका निर्देशक डा विष्णु पौडेलले अस्पतालका कर्मचारीलाई तलब खुवाउन अस्पतालको आम्दानीले नै पुग्ने भएकाले उपकरणको व्यवस्था गरिदिन आग्रह गर्नुभयो।

### प्रत्यारोपण केन्द्रका लागि सल्लाघारीको ९९ रोपनी माग

यता शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा प्रवेश गरेसँगै यहाँको पनि निकै साँघुरो अवस्थाले राज्यमन्त्री श्रेष्ठलाई फेरि झस्कायो। नेपालको एक मात्रै प्रत्यारोपण केन्द्रले राम्रो सेवा दिँदै नमूनाका रुपमा अगाडि बढेको उहाँले चर्चा गर्नुभयो। क्यान्सर र मिर्गौलाको बिरामीको चाप बढेको देख्दा अबको केही वर्षमै विकराल अवस्था हुन सक्नेमा चिन्ता व्यक्त गर्दै उहाँले मन्त्रालयमा सबभन्दा धेरै डायलोसिस र मिर्गौला प्रत्यारोपणको समस्याको गुनासो आउने गरेको बताउनुभयो। सीमित स्रोत र साधनबाट सेवा दिइरहनुपरेको, बिरामीले एउटा डायलोसिस गर्न महिनौं कुर्नुपर्ने अवस्थाको अब अन्त्य गर्नुपर्छ भन्दै मिर्गौला प्रत्यारोपणमा देखिएको भयावह अवस्थाले आफूलाई चिन्तित बनाएको बताउनुभयो। सरकारले मिर्गौला, क्यान्सर, मुटु, स्पाइन इन्ज्वेरी जस्ता सेवालाई सरकारले पहिलो प्राथमिकतामा राखेको बताउनुभयो।

यस केन्द्रले काठमाडौं उपत्यकाका विभिन्न ठाउँमा मिर्गौलाका बिरामीका लागि डायलोसिस सेवा सञ्चालन गर्न निर्देशन दिँदै डायलोसिसकै लागि बिरामीलाई यहाँसम्म आउनुपर्ने व्यस्थाको अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "सरकारले अब चार हजार डायलासिस मेसिन विभिन्न अस्पताललाई दिने योजना अगाडि सारेको छ, यस केन्द्रले पनि उपत्यकाका विभिन्न ठाउँमा डायलासिस सेन्टर चलाउनुस्।"

अस्पतालहरूले योजना नै नबनाई बजेट माग गर्दा धेरै बजेट फ्रिज हुने गरेको भन्दै उहाँले योजना बनाएर आए बजेट दिन सक्ने बताउनुभयो। शिक्षा र स्वास्थ्यमा आमूल परिवर्तनको आवश्यकता रहेको औँल्याउँदै उहाँले स्वास्थ्य बीमाबाटै मुटु, कलेजो, मिर्गौला परीक्षणको व्यवस्था गर्दा मात्रै गरिब जनतालाई यी रोगबाट बचाउन सकिने उहाँको भनाइ थियो। प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डा पुकारचन्द्र श्रेष्ठले अस्पतालको अवस्था, प्रगतिका बारेमा जानकारी गराउँदै नेपालमा दुर्घटनाका कारण मस्तिष्कघातबाट मृत्यु हुने बिरामीको अङ्ग दान गर्ने नीतिलाई कार्यान्वयनमा ल्याउन नेतृत्वदायी भूमिका निर्वाह गरिदिन आग्रह गर्नुभयो। उहाँले मन्त्रालयकै नेतृत्वमा मस्तिष्कघातबाट मत्यु हुनेका अङ्गहरू दानको समिति सञ्चालन गर्न, मृतकको परिवारलाई थोरै भए पनि राहत रकम दिने व्यवस्था गरिदिन र जनचेतना जोगाउने काम गर्न आग्रह गर्नुभयो। भवन अभावले धेरै समस्या झेल्नु परेको भन्दै उहाँले केन्द्रको नयाँ भवन बनाउनका लागि चाँगुनारायण नगरपालिकाको झौखेलमा प्राप्त ३५ रोपनी जग्गाले नपुग्ने भन्दै भक्तपुर नगरपालिका सल्लाघारीमा रहेको नेपाल ट्रष्टको १०२ रोपनी जग्गा यस अस्पतालका लागि उपलब्ध गराइदिन आग्रह गर्नुभयो। अस्पतालका डा श्रेष्ठले भन्नुभयो, "६ वर्ष अगाडिकै सरकारले केन्द्रलाई सल्लाघारी चौरमा रहेको १०२ रोपनी जग्गा दिने सम्झौता गरेको थियो, त्यो कागज हामीसँग सुरक्षित छ, सल्लाघारीको त्यो जग्गा कुरा गरेर सम्झौताअनुसार जग्गा मिलाइदिनु पऱ्यो, हामी त्यहीँ भवन बनाउँछौँ।"

डा श्रेष्ठको प्रस्तावका बारेमा प्रतिक्रिया दिँदै मन्त्री श्रेष्ठले प्रत्यारोपण केन्द्रलाई अनकन्टार ठाउँमा लगेर राख्न नहुने बताउनुभयो। राज्यमन्त्री श्रेष्ठले भन्नुभयो, "ट्रान्सप्लान्ट सेन्टर अनकन्टार ठाउँमा लगेर हुँदैन, बिरामीलाई गाह्रो हुन्छ, हाइवे नजिक हुनुपर्छ, त्यसैले सल्लाघारीको १०२ रोपनी जग्गाको व्यवस्था गरिदिन सक्छौं, नेपाल ट्रष्ट पनि राज्यकै हो, ट्रष्टसँग ९९ वर्षका लागि लिजमा लिन सकिन्छ, हामी पहल गर्छौं, तपाईं योजना बनाउनुस्।" अस्पतालको निरीक्षणका क्रममा उहाँले तीनवटै अस्पतालमा ठाउँको उपयुक्त व्यवस्थापन हुन नसकेको, जनशक्ति र उपकरणको अभाव रहेको, भौतिक संरचनाको विस्तार आवश्यक रहेको पाइएको बताउनुभयो।

# सामुदायिक विद्यालय हुनु त यस्तो पो !




**टुडे एक्सप्रेस** / दार्चुला

१९ असोज, पछिल्लो समय खलङ्गास्थित महेन्द्र नमूना माध्यमिक विद्यालय विद्यार्थीको पहिलो रोजाइमा परेको छ। जिल्ला सदरमुकामस्थित सो विद्यालयमा आफ्ना छोराछोरीलाई भर्ना गराउन अभिभावकलाई हम्मेहम्मे पर्न थालेको छ।

अब्बल शैक्षिक गुणस्तर कायम राख्न सकेकै कारण विद्यालयमा विद्यार्थी आकर्षित भएका जनाइएको छ। जिल्लाका अन्य पालिकाबाट विद्यालयमा पढ्न आउने विद्यार्थी घट्नाको साटो झन बढेको बढ्यै छ। सुदूपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालयले समेत सो विद्यालयलाई छनोट गरेको छ।

सदरमुकाम खलङ्गामै दर्जनौं संस्थागत तथा सामुदायिक विद्यालय भए पनि नमूना माविमा भर्ना गर्नसके अभिभावक पनि खुसी हुन्छन्। सामुदायिक विद्यालय भए पनि विद्यालयले शिशु कक्षादेखि कक्षा १० सम्म अंग्रेजी माध्यममा पढाइ सञ्चालन गरेको छ। विद्यालयले २०७४ सालदेखि अङ्ग्रेजी माध्यमबाट पढाइ सुरु गरेको हो। संस्थागत विद्यालयकै जस्तै विद्यार्थी आकर्षण गर्ने टाइ सहितको पोशाक र शैक्षिक विकास गर्ने अन्य गतिविधि यो विद्यालयले गर्नेगर्छ।

अङ्ग्रेजी माध्यमबाटै पढाइ सुरु गरेपछि विद्यार्थीको भीड नै लागेको छ। चालु शैक्षिक सत्रमा विद्यालयमा आधारभूत तहमा २५८ कक्षा ६ देखि कक्षा ८ सम्म ६१७, कक्षा ९ देखि कक्षा १० सम्म ५९३ र कक्षा ११ र १२ मा ७८१ भर्ना भएका छन्। यसैगरी विद्यालयले २०७५ बाट सुरुआत गरेको डिप्लोमा इन सिभिल इञ्जिनीयरिङतर्फ १०४ गरी दुई हजार ४४७ विद्यार्थी भर्ना भइसकेको विद्यालयका प्रधानाध्यापक रामदत्त जोशीले बताउनुभयो। अझै पोष्ट डिप्लोमा अन्तर्गत भर्ना प्रक्रिया चलिरहेको छ। विद्यार्थीको चाप बढ्दै गएको छ। उहाँले भन्नुभयो, "सरकारी दरबन्दी विद्यालयमा न्यून छ। हामीसँग १८ शिक्षक र सात कर्मचारी मात्रै सरकारी दरबन्दीका छन्। विद्यालयमा विद्यार्थीको चाप बढ्दै गएपछि हरेक कक्षामा सेक्सन बनाएर चलाउनुपरेको छ। ६८ शिक्षक कार्यरत छन्।" विद्यालयका अनुसार कक्षा ११ र १२ मा सात /सात सेक्सनमा पढाइ सुरु गरिएको छ। कक्षा १० मा पाँच, कक्षा ९ मा ६, कक्षा ८ मा चार, कक्ष ७ मा ४ र कक्षा ६ मा ३ सेक्सन छन्। प्रअ जोशीले भन्नुभयो "हाम्रो शिक्षक अनुपातले धान्ने जनशक्तिले ५०० भन्दा बढी विद्यार्थी धान्न सकिने अवस्था छैन।" "विद्यालयमा विज्ञान, वाणिज्य र शिक्षा सङ्कायमा पढाइ भइरहेको छ। सरकारले २०६२ सालमा विद्यालयलाई नमूना विद्यालय घोषणा गरेको थियो। जिल्लाकै उत्कृष्ट शिक्षण सिकाइ भएको तथा भौतिक पूर्वाधार व्यवस्थापन, शैक्षिक व्यवस्थापनमा विद्यालय अब्बल बन्दै आएको छ। शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख जयराज पन्त महेन्द्र नमूना मावि जिल्लाकाभरीका अभिभावकको भरोसा बनेको जनाउँदै गुणस्तर निरन्तरता राख्नुपर्ने सुझाव दिनुहुन्छ। सो विद्यालयमा ९ वटै स्थानीय तहका विद्यार्थी पढ्छन्, उहाँले भन्नुभयो, "अहिले विद्यालयको उचाइ जुनगतिमा पुगेको छ, त्यो निरन्तरता राख्न सक्नुपर्छ।" विद्यालयका प्रअ जोशीले विद्यालयले शैक्षिक गुणस्तर कायम राख्न निरन्तर अभिभावकसँग सुझाव सल्लाहदेखि अध्यापनको शैलीमा विशेष ध्यान दिएको जानकारीदिनुभयो। उहाँले भन्नुभयो, "शिक्षकलाई पनि अपडेट राख्न सबै शिक्षकलाई ल्यापट दिने तयारी गरेका छौं। अभिभावकलगायत सबै क्षेत्रको सहयोग पाएकै कारण विद्यालयले क्षमता भन्दाबढी विद्यार्थीको व्यवस्थापन गर्न सकेका हौं" उहाँले भन्नुभयो,"विद्यालय राम्रो बनाउनुपर्छ भनेर अभिभावक र जनप्रतिनिधिको पनि साथ छ।"

विद्यालयले चालू आर्थिक वर्षबाट भारतीय राजदूतावासका सहयोगमा विद्यालय बस सञ्चालनमा ल्याएको प्रअजोशीले जानकारी दिनुभयो।

# संसद्मा प्रतिपक्षी दलको अवरोध कायमै

**टुडे एक्सप्रेस** / रासस



प्रतिनिधिसभाको बैठक आज पनि प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) ले अवरोधका कायमै राख्दा सुचारु हुन सकेन। बैठक प्रारम्भ हुनासाथ प्रतिपक्षी दल एमालेका सांसदले 'रोस्ट्रम' घेराउ गर्दै नाराबाजी गर्नुभएको थियो।बैठकमा सभामुख अग्निप्रसाद सापकोटाले बैठक अवरुद्ध नगरी सदनको नियमित प्रक्रियामा सहभागी भइ आफ्ना कुरा राख्न प्रतिपक्षी दलका सांसदसंग आग्रह गर्नुभएको थियो। उहाँले अदालतमा विचाराधीन विषयमा सदनमा छलफल हुन नसक्ने कुरा प्रतिनिधिसभा नियमावलीमा व्यवस्था रहेको समेत स्मरण गराउनु भएको थियो। प्रतिपक्षी दलको अवरोधकै बीचमा कानून, न्याय तथा संसदीय मामिलामन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले प्रधानमन्त्री शेरबहादुर देउवाका तर्फबाट ,राष्ट्रिय दलित आयोगको वार्षिक प्रतिवेदन, २०७६/७७ पेश गर्नुभएको थियो। प्रतिनिधिसभाको अर्को बैठक यही असोज २२ गते शुक्रबार दिन १ बजे बस्नेछ।

# महत्वपूर्ण टेलिफोन नम्बरहरू

## धनुषा (०४१-)

| | |
|---|---|
| सिडिओ जिल्ला प्रशासन कार्यलय | ९८५४००७७७७ |
| एसपी जिल्ला प्रहरी कार्यलय | ९८५४००५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०६ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५४०९०४०२ |
| प्रहरी (हटलाईन) | १००, ४२००९९, ४२०२९९ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| अस्पताल (प्रदेशिक अस्पताल, जनकपुर) | ५२००३३ |
| आ"खा अस्पताल | ५२०३९७ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| जनकपुर सिटी हस्पिटल भानुचौक | ५२५०१ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चौक | ५२५३४१ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा कलब) | ९८०४८१४१२६ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३६ |
| बरुण यन्त्र (जनकपुर) | ५२००११ |

## काठमाण्डौं (०१-)

| | |
|---|---|
| प्रहरी कन्ट्रौल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५ |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| विर अस्पताल | ४२२१२२९ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८, ४४२७४५२ |
| नेपाल अर्थोपेडिया अस्पताल | ४९११७२५ |
| प्रसूतीगृह थापाथली | ४२५३२७६ |
| तिलगंगा आ"खा अस्पताल | ४४९३६८४ |
| कान्तिपुर अस्पताल तीनकुने | ४१११९५७/८५८ |
| बी एण्ड बी अस्पताल | ४४३३२०६ |
| गोर्खा अस्पताल र रिसर्च इन्स्टिच्यूट | ४२५८५५२ |
| नर्भिक हस्पिटल, थपाथली | ४२५८५५४ |
| सहिद गंगालाल रा. हृदयरोग केन्द्र | ४३७१३२२ |

## पर्सा

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५५०७७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५०७५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१११ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५५०९०७०१ |

## बारा

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५५००७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५००५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०८ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८११६४ |

## रौतहट

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५५०३७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५०३५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१००७ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८२६०८ |

## सर्लाही

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५४०२७७७७ |
| प्रहरी उपरिक्षक(नेपाल प्रहरी) | ९८५४०७५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२११० |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८१४५४ |

## महोत्तरी (०४४-)


| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५४०२७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५४०८५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०९ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५२०९०२७१ |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ५२००६६,५२०१६ |
| वरुण यन्त्र (जलेश्वर) | ०४४ ५२००९७ |

## सिरहा

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५२८३७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५२८६५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०५ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५२८९०१४४ |

## सप्तरी

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५२८५७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५२८५५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०४ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८१३७७ |



## सम्पादकीय...

### बिश्वब्यापी कोरोनाको प्रभावले...

बिश्वब्यापी कोरोनाको प्रभावले थलिएको संसारबाट नेपालपनि टाढा रहन सकेन । नेपाल पर निर्भर भएको मुलुक भएको कारणले आर्थिक रुपमा बढी प्रभावित भयो । अझ शिक्षा र स्वास्थ्य क्षेत्रमा कोरोनाको प्रभावले बालबालिका, बिधालय तथा शैक्षिक संघ संस्था झन बढी प्रभावित भयो । नेपालमा २ शैक्षिक सत्र  प्रभावित भयो ।जस्मा वालवालिकाको मनोविज्ञान देखि स्वास्थ्य क्षेत्रमा पारेको प्रभावको कारण बच्चाहरूलाई बर्षौ बर्ष सम्म प्रभाव पारेको छ । धेरै शैक्षिक क्षेत्र दोहोऱ्याएर संचालन गर्न सक्ने हैसियतमा छैन् । धेरै उधोग कल कारखाना कोरोनाको कारण प्रभावित भएर संचालनमा आउन सकेको छैन । तर करिब २ शैक्षिक सत्र प्रभावित पश्चात् खुलेको शैक्षिक संध संस्थामा विधार्थिहरू उत्साहजनक रुपमा सहभागी हादै देश ब्यापि सहभागि भै रहेकाछन् । गुमेको शैक्षिक सत्रलाई ब्यबस्थापन गर्न पनि शैक्षिक संध संस्थाहरू जोडबल गरि रहेको देखिन्छ । हन त कोरोनाको प्रभावले अनलाइन कक्षा संचालन देखि प्रबिधिको प्रयोगमा आकर्षण बढेको छ । बालवालिकाको प्रबिधिमा पहुच तथा प्रभावले अगामि दिनमा सकारात्मक ढंगले बढेको अबस्थामा भोलिको भबिस्य उज्ज्वल हुन सक्छ तर  प्रबिधिको प्रयोग कसलत ढंगले बानि परेको अबस्थामा नकारात्मक असरले खराव मनोज्ञान भए भोलिको दिनमा खराब असर पार्न सक्ने देखिन्छ ।

# स्क्रबको बढ्दो जोखिम : कोभिड-१९ भनेर नभ्रुक्किनुस् स्क्रब टाइफस पनि हुन सक्छ,





डा. अनाम प्याकुरेल

टाइफस माइट भन्ने किराबाट मानिसमा सर्ने एक प्रकारको सरुवा रोग हो। तर, यो एक मानिसबाट अर्को मानिसमा भने सर्दैन। यो एक किसिमको ब्याक्टेरियल इन्फेक्सन भएर हुने रोग हो। यो रोग जुनसुकै उमेरवर्गलाई पनि देखिने गर्छ। 'ओरिन्सिया सुसुगामुसी' जीवाणुले संक्रमित किराको टोकाइबाट सर्ने टाइफस रोग नेपालमा सन् २०१५ पछि मात्रै देखिन थालेको हो। सन् २०१७ सम्म आइपुग्दा १ हजार २ सय ३९ केसहरू पुष्टि भएको तथ्यांकले देखाउँछ। त्यसपछि २०७६ साउनदेखि कार्तिकसम्ममा ६३वटा जिल्ला यसको संक्रमण देखिएको थियो। त्यसपछि संक्रमितको संख्या १ हजार २ सय ७१ पुगेको छ। दशैं पश्चात टाइफसको मृत्युदरबारे तथ्यांक सार्वजनिक गर्ने तयारी रहेको इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ। जनचेतनाको अभावका कारण कतिपय व्यक्ति यो रोगबाट ग्रसित भएर समयमा रोगको पहिचान नभई सही उपचार नपाउँदा ज्यान समेत जाने गरेको पाइएको छ। तथ्यांक हेर्ने हो भने नेपालमा सन् २०१७ मा मात्रै ८ जना संक्रमितको मृत्युसमेत भैसकेको छ। करिब ४ साता अघि भारतको उत्तर प्रदेशमा अनौठो ज्वरो देखियो र मृत्युदर पनि बढ्यो भन्ने खबर थियो। त्यसलगत्तै यसको केस नेपाल पनि देखिएको छ। गत असार र साउनमा बाजुरा जिल्लामा २ सयभन्दा बढी स्क्रब टाइफसका केस देखिएको थियो। हालै पनि यसको संक्रमण बढ्दो देखिएको छ।

अहिले पनि २ जना टाइफसका बिरामी निजामती अस्पतालको भेन्टिलेटरमा नै राख्नुपर्ने अवस्था आयो। स्क्रब टाइफसका सामान्य लक्षण ज्वरो आउने जीउ, हात खुट्टा दुख्ने टाउको दुख्ने शरीरको सबै भाग दुख्ने आँखाका नानी दुख्ने आदि हुन्। गम्भीर लक्षण शरीरका मुख्य अंगले काम गर्न विस्तारै छाड्नु, किड्नी, फोक्सो, कलेजो र मस्तिष्क ड्यामेज गर्ने, शरीरभित्र-भित्रै रक्तस्राव गराउने, कोभिड-१९ र टाइफसको मिल्दोजुल्दो लक्षण एकतर्फ कोभिड-१९ महामारीले विश्व आक्रान्त बनाइरहेको अवस्था छ भने अर्कोतर्फ स्क्रब टाइफसको संक्रमणका केसहरू पनि भेटिएका छन्। जसले मानिसलाई झनै अन्यौलमा पारेको छ। किनभने यी दुवैको लक्षण धेरै मिल्दो-जुल्दो छन्। जस्तै : दुवै संक्रमितमा टाउको दुख्ने, ज्वरो आउने, शरीर कमजोर हुने लक्षण देखिन्छ। जसकारण मानिसले ज्वरो आउँदा पिसिआर टेस्ट गराउने देखिएको छ। तर, विज्ञहरूले यदि कसैलाई सम्बन्धित लक्षणहरू देखिएमा स्क्रब टाइफसको परीक्षण गर्नुपर्ने सुझाएको छन्। किनकी दुवैबीच लक्षणहरू धैरै मिल्ने भएकाले परीक्षण नगरी रोगको पहिचान गर्न कठिन हुने गर्छ। कोभिड-१९ को पिसिआर परीक्षण जस्तै यसको पनि एन्टीबडी डिटेक्ट गर्ने र परीक्षण किटबाट परीक्षण हुने गर्छ। संक्रमण भएमा उपचार के त ? यो रोग माइट किराले टोकेको १० दिनभित्रमा यसका लक्षणहरू देखा पर्छन्। संक्रमण पत्ता लाग्ने बितिकै समयमा नै उपचार भएमा यसबाट बच्न सकिन्छ। यसको ज्वरो आउने सुरुवाती लक्षण हो। ज्वरो आउने बित्तिकै पहिचान भै उपचारबाट रोग निर्मुल पार्न सकिन्छ। समयमा नै यो रोग पत्ता लागेन भने यसले किड्नी, फोक्सो, मस्तिष्क र कलेजोजस्ता शरीरका प्रमुख अंगहरूलाई असर गर्ने गर्दछ। यसको उपचारमा एन्टीबायोटिक औषधी र यसको सम्बन्धित लक्षणअनुसार औषधी बिरामीलाई दिइने गरिन्छ। यो रोग प्राय: दक्षिण एसियाली मुलुकका गाउँहरूमा बढी देखिएको छ। इन्डोनेशिया, जापान, चीन र उत्तरी अष्ट्रेलियाली मुलुकमा बढी पुष्टि भएको देखिन्छ। कसरी बच्ने ? बारी, खेतमा काम गर्न जाँदा शरीर ढाक्ने कपडा लगाउने घर र आफू बस्ने ठाउँ वरपरको सरसफाइमा ध्यान दिने घर वरिपरिका खेताबारीमा घाँस धैरै बढ्न नदिने वातावरण सफा राख्ने केस वृद्धि हुनुमा सरकारको कमजोरी यो रोगबारे जनमानसमा चेतनाको अभाव छ। जसले गर्दा मानिसहरूमा लक्षण देखिएपनि कोभिड होला भनेर आफै अनुमान गरी पहिचान गराउन नगइ मृत्युको जोखिम लिइरहेको अवस्था छ। यसमा सरकारको भूमिका पनि फितलो रहेको देखिन्छ। किनभने, वर्षेनी केसहरू देखिरहँदा पनि सरकारले यसबारे खासै चासो दिएको नदेखिएको अवस्था छ। सरकारले यो रोगबारे सचेतना दिन आमसंचार माध्यमबाट सचेतनाका कार्यक्रम गर्नुपर्ने देखिन्छ। यसको साथसाथै स्थानीय तहमा पनि यस रोगबारे जनस्वास्थ्यविद्ले पनि आफ्नो जिल्लामा फैलिएको केस बारे जानकारी लिनेदेखि निर्मुल कसरी पार्ने भन्ने कुरामा ध्यान दिनु पर्ने देखिन्छ॥

# सिद्धान्त र कार्य एकैपटक महिलाको हातमा जानु पर्छ : कमला भिसन



सीता ओझा

कमला भसीनको जन्म सन १९४६ अप्रिय २४ मा भारतको सहिदनवाली,मण्डी बहाउद्धिन पञ्जाबमा भएको थियो। उनी समाजवादी र महिलावादी आन्दोलनकी प्रभावशाली व्यक्ति तथा सामाजिक राजनीतिकि प्रखर विश्लेषक र विचारक थिइन। उनले लैङ्गकि समानताको सहभागीता विना आर्थिक,सामाजिक र व्यक्तिगत विकास हुन सक्दैन भन्ने निष्कर्षको वकालत गर्ने गर्थिन्।

नारीवादले समाजलाई यथास्थितिको पुरूष दृष्टिकोणबाट होइन महिलाको आँखाबाट हेर्न सहयोग गर्दछ। उत्पिडनमा परेको वर्गको धरातलमा उभिएर नसोचेसम्म समानताको व्यवहार पाउन कठिन हुन्छ। महिलावादले समाजमा रहि आएको पुरूषको दृष्टिकोणलाई विश्लेषण गर्दछ र यस्तो दृष्टिकोणले आर्थिकसामाजिक क्षेत्रमा पुरूष र महिलाको अवस्थाले कसलाई कसरी प्राथमिकता दिने स्थिति छ ? कसरी समाहित गरेको छ ? त्यस्तो सामाजिक संरचनाभित्र महिलाहरूमाथि कसरी अन्यायपुर्ण व्यवहार गरिन्छ भन्ने दृष्टिकोणको प्रवाह गर्न सहयोग गर्छ। भासिनले त्यहि कुराको सामाजिक सम्प्रेषण गर्ने गर्थिन्।

व्यक्ति र समाज परिवर्तन या रूपान्तरण हुन / गर्न महिलाको बराबर सहभागीता मात्रै होइन शैक्षिक व्यवसाहिक वातावरण र पारिस्पारीक अवसर चाहिन्छ र बनाउनै पर्छ। त्यस्तो वातावरण विना विषयमा उनी दृढ थिइन।

कमला भासिनले चलाएको नारीवादी आन्दोलनले महिला अधिकारको लागि मतदान,सार्वजनिक पद धारण,काम गर्ने वातावरण,समान ज्याला,आफ्नै सम्पत्ति र प्रयोग, महिलाको पहिचान सहितको परिचय,शिक्षामा पुर्ण अवसर,विवाहमा स्वतन्त्रता र समान कानुनी मापदण्ड , मातृत्वको हक,कानुनी गर्भपतन र सामाजिक एकिकरणको पहुँच सुनिश्चित गर्ने वातावरण , बलात्कार ,यौन उत्पिडन र घरेलु हिंसाबाट महिला र बालबालिकाको सुरक्षा सुनिश्चित गर्नुपर्ने साथै महिलाको पोशाक मापदण्डमा परिवर्तन र महिलाहरूको लागि स्वीकार्य शारीरिक गतिविधिको अवसरमा सबैले ध्यान दिनुपर्ने विषयमा जोडदिने गर्थिन्।

नारीवादी सिद्धान्त, जुन नारीवादी आन्दोलनबाट र महिलाको कार्य अनुभवको धरातलबाट उभिएको छ र हो। नारीवादी सिद्धान्त महिलाको सामाजिकआर्थिक भुमिका र जिवित अनुभवको परीक्षण गरेर नै लैङ्गिक असन्तुलन / असमानता छ भन्ने निष्कर्ष निकालिएको छ र हो। योसगँ जोडिएका अरू पनि विभिन्न सिद्धान्तहरू छन्। त्यसको अध्ययन विना महिलावाद बुझ्न गाह्रो हुन्छ भन्ने उनको ठहर थियो।

विश्वमा देखिएका धेरै नारीवादी आन्दोलनहरू र विचारधाराहरू वर्षौंको प्रयोग र अनुभवको आधारमा अध्ययनगरि तयार पारिएका दस्तावेजहरू हुन्। नारीवादका केहि अभियानहरू सेतो रङ्गसगँ जोडिएको छन। यी मध्ये केही मध्यम वर्ग,शिक्षाक्षेत्रको कलेज / विश्वविद्यालयका विषयहरूसगँ जोडिएको पनि देखिन्छ। शिक्षा क्षेत्रले यीनै विषयहरूको आधारमा लैङ्गिक र विषम लैङ्गिक विषयमा आलोचना र समालोचक गर्ने गरेको भेटिन्छ। यसरी विश्लेषण गर्ने व्यक्तिका रूपमा कमला भासिनलाई चिन्नु राम्रो हुन्छ। महिला हक र अधिकारको विषय र आन्दोलनलाई महिलाको आँखाबाट



हेर्ने,बुझ्ने र पढ्ने गरिएन भने नारीवादी आन्दोलनहरू जातीय मात्रै होइन महिला पक्षीय,बहुसांस्कृतिक,बहु धार्मिक र समावेशीकरणको आधारमा चिन्ने र बुझ्ने गर्न सक्नुपर्छ। नत्र महिला पक्षीय मात्रै पनि हुन सक्छ त्यसैले नारीवादी आन्दोलनलाई राम्रोसँग नबुझि आन्दोलनको नेतृत्व गरियो भने आन्दोलनले उपलब्धि हाँसिल गर्न कठिन हुन्छ भन्ने निष्कर्ष निकाल्नु पर्छ र बहुआयामिक दृष्टिकोण बनाउनु राम्रो हुन्छ भन्ने गर्थिन्।

एउटा सशक्त अभियान्ता भएर भासिनले महिला सशक्तीकरण र बहुपक्षीय विकासका लागि धेरै कविताहरू लेखेकी छन्। सीमा र सीमाहरू,भारत विभाजनमा महिलाहरू नामका पुस्तकहरू सहित महिलावादी दृष्टिकोण र सामाजिकआर्थिक विषयसगँ जोडेर धेरै लेखहरू प्रकाशित गरेकी छन्।। कमला भासिन आफुलाई नारीवादको वकालत गर्ने भरपर्दो सामुहिक अभियानको अभियान्ताको रूपमा दक्षिण एसियामा नै परिचित थिइन्। उनले आदिवासी र श्रमिक समुदायको गरिबीलाई महिलासगँ जोडेर विश्लेषण गर्ने गर्थिन्। महिलाले उत्पादनसगँ आफुलाई जोड्नु पर्ने ,स्वाभिमानी र स्वाबलम्वी बन्दै आफ्नो भुमिका बढाउन ध्यान दिनु पर्ने कुरालाई जोडदिने गर्थिन्।

उनले प्राय :आदिवासी र श्रमिक समुदायको गरीबीसगँ जोडिएका र महिलाहरूको कामसँग गाँसिएका अनेकौं पोस्टर, नाटक र अन्य गैर साहित्यिक सामाग्रीहरू उत्पादन र प्रचारप्रसार गर्न प्रेरित गरि सर्वसाधारण ,निराक्षर र गरिबीको रेखामुनि रहेका महिलासगँ सामुहिक अभियान मार्फत पुग्ने बाटो बनाउथिन्।

**भासिनका अनुसार**

१ " अहिलेको समाजको राजनीतिमा पितृसत्ताको एजेन्टको रूपमा पुँजीवादले जरा गाडेको छ। महिलाहरूको शरीरको विरोध गर्नको लागी पुँजीवादको रूप पहिचान गर्न सक्नुपर्ने हुन्छ। नबुझि गरेको विद्रोहले परम्परागत अवधारणा र यथास्थितिलाई चिर्न सक्दैन। दक्षिण पुर्वि एशियाको राजनीति यथास्थिति र पराम्परागत धरातलमा पुँजीवादको फेर समातेर चलेको छ। यो धरातलबाट राष्ट्रिय राजनीति,विद्वत वर्ग र महिलाहरू पनि प्रभावित भएको अवस्थामा छ। आधुनिक परिवारको प्रकृति स्वामित्वको अवधारणामा आधारित छ। यसको अन्त्य नभई महिलाले स्वतन्त्रता पाउन सक्दैनन्। "

२, " यो सब त्यो बेलाबाट सुरू भयो जुन बेलाबाट निजी सम्पत्ति अस्तित्वमा आयो , त्यो बेला मानिसहरू आफ्नो विरासतलाई बचाउन / संरक्षण गर्न चाहन्थे, पुरुषहरूलाई पनि थाहा थिएन कि उनीहरूका बच्चाहरू कसका हुन ? परिवारको रूपमा उनीहरू केवल महिलाहरू ती बच्चाका आमा हुन् भनेर जान्दथे। त्यस बेला कुनै परिवार थिएन। त्यसपछि त्यसको स्वामित्वसगँ जोडिएर पितृसत्ता आयो जुन अहिलेसम्म अनेकौं रूप देखाएर महिलामाथि खनिएको छ।"

३, " आधुनिक नवउदारवादी पूँजीवाद र यसको अश्लील अंक जस्तै पोर्नोग्राफी र सौन्दर्य उद्योग दुबै अरब डलर कमाउने उद्योगको रूपमा विकास भएका संस्थाहरूको उदय भयो। यिनीहरूले महिलाहरूलाई उनीहरूको शरीरको तोलमोलमा घटाउने र बढाउने गरायो तर महिलाले त्यो बुझिरहका छैनन्। यहि अमानविय कार्यको आडमा महिलामाथि दुर्ववहार र हिंसाको संस्कृति विकास गरेको/ भएको छ। हिंसा र दुर्व्यवहारको संस्कृति कै कारण तपाइँ हाम्रो शरीरमाथि पुरूषले बलात्कार गर्ने, पिट्ने र अपमान या विभेद गर्ने गरेको छ। त्यो पूंजीवादी प्रणालीको रूपमा अनेकौं रूप धारण गरेर सबै खाले पाठ्यक्रममा राखिएको छ। त्यहि पढेर हुर्केका हामीले पनि महिलावादलाई बुझ्न चाहान्नौं ।भएको अवस्थाबाट केहि अग्रगमन खोज्ने वितिकै मानिस अरू भन्दा फरक हुन्छ। त्यो फरकले मानिसलाई उपहास ( मभचष्मभक ) भइरहेको हुन्छ। यस्तो कुरामा हामीले ध्यान दिने गरेका छैनौं। महिलाको सहभागीता र समानताको विषय पनि यस्तै भएको छ।

४, " नारीवाद शब्द धेरै मानिसहरूलाई मन नपर्ने र विरोधी शब्द हो, तर फ्याट भन्न सक्दैनन्। तर मानिसहरू नारीवाद शव्दसगँ नबुझिकन या बुझ्नै नचाहेको कारण विरोधी र बेखुसी भएका हुन्। ।यदि मैले यसलाई त्यसै ह्थ्थ भने भने पनि उनीहरू महिलावादको विरोधी नू हुनेछन्/ लागिरहने छन्। यसको अर्थ हो हाम्रो समाज र राजनीतिलाई पुँजीवादले गाँजेको छ त्यसैले सिद्धान्त अनुसारको दृष्टिकोण समाज र राजनीतिका लागि मान्य छैन/ हुदैन। हामी महिला यहि राजनीति र समाजमा स्वतन्त्रता पुर्वक बाच्न,हाँस्न र पुरूष सरहको सहभागीतामा सक्रियता चाहन्छौं, हामी महिलाहरू घर र पर सहभागीता र भुमिकामा समानता चाहान्छौं। महिलावादले चाहाने र बुझाउने हक र अधिकार पनि यसैमा जोडिएको छ।"

५, " यँहा धेरै मानिसहरू धर्म,संस्कृति र परम्पराकोको कुरालाई महिलासगँ जोडिदिएर महिलाहरूलाई स्वतन्त्रता दिन चाहँदैनन्। त्यो कुरा महिलाले बुझ्न जरूरी छ। "

६, सिद्धान्त र कार्य दुबै सँगसगैं महिलाको हातमा जानु पर्छ अनि मात्रै परिवर्तनका लागि महिलाले वातावरण पाउँछन्। "

७, महिला र महिलावादलाई सबैले विश्वास गर्नु पर्छ नारीवादी सिद्धान्त अनुसन्धान र जीवन्त अनुभवबाट प्रतिपादन गरिएको दस्तावेज हो। यसले समाज परिवर्तन गर्न महत्वपूर्ण भुमिका खेल्छ।

८,नारीवाद पुरुष र महिला बिचको युद्ध होइन, दुई विचारधाराहरू बिचको अस्तित्वसगँ जोडिएको लडाई हो। जसले पुरुषलाई अझ माथि उठाउछ, महिलालाई शक्ति प्रदान गर्दै समानताको वकालत गर्न सहयोग पुर्याउछ।

९,पुँजीवाद एकोहोरिएको बेला महिलावाद बुझिएन भने महिला होइन पुरूषहरू अतिक्रमणमा पर्दछन्। त्यसैले अबको सामाजिकआर्थिक विकासमा महिलालाई होइन पुरूषलाई चुनौती देखिन्छ।"

महिलाको समानता र सहभागीताको पक्षमा सतीसाल जतिकै खडा भएर आफ्ना भनाइहरू स्पष्टता साथ समाजमा राख्ने विचारकको भौतिक शरीरले वि स २०७८/०६/०९( सन द्दण्द्दज्ञ सेप्टेम्बर द्दछ )शनिवारको दिन हामीबाट विदा लियो। अब हामी भौतिक रूपमा एक्लो भएका छौं तर विचारको राप र प्रकासले हामी तेजस्वी भएका छौं। तिमीले दिएको त्यो तेजस्वी उज्यालो हामीबाट हराउने छैन। अल विदा कमला दिदी !

'रेड लेबल' चिया प्रकरण :

# युनिलिभरविरुद्ध खाद्य ऐन अनुसार मुद्दा तयार गत आर्थिक वर्षमै चिया परीक्षण, प्रतिवेदन गोप्य राखियो




**काठमाण्डौ** / टुडे एक्सप्रेस

युनिलिभर 'रेड लेबल' चिया प्रकरणमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाले खाद्य ऐन अनुसार मुद्दा तयार गरेको छ। कार्यालयका खाद्य निरीक्षकलाई अनुसन्धान अधिकृत तोकेर सो विषयमा युनिलिभरविरुद्ध खाद्य ऐन अनुसार मुद्दा तयार पारेको हो। कार्यालयले मुद्दा प्रक्रिया सुरु गर्न आवश्यक अध्ययन तथा अनुसन्धान सम्पन्न गरेर हेटौंडा-३ बस्तिपुरमा अवस्थित युनिलिभर नेपाल लिमिटेडको प्रतिनिधिसँग बयान लिएको जनाएको छ। अनुसन्धान अधिकृतले युनिलिभरका प्रतिनिधिसँग बयान लिइ कानुनी परामर्शका लागि सरकारी वकिलसँग राय माग गरेको छ।

सरकारी वकिलले आवश्यक सुझावसहित सो मुद्दाको विषयमा लिखित रुपमा राय प्रस्तुत गर्ने र ऐन अनुसार मुद्दालाई जिल्ला अदालत वा जिल्ला प्रशासन कार्यालय मकवानपुर पठाइने खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय मकवानपुरका प्रमुख सोमकान्त रिजालले बताए।

युनिलिभरको चिया प्रशोधन केन्द्रमा भारी परिमाणमा म्याद गुज्रिएको चियापत्ती फेला परेपछि गत भदौ १५ गते स्थानीय प्रशासनले शिल गरेको थियो। युनिलिभरले आम उपभोक्तालाई ठगी गर्नेगरी म्याद नाघेको चियापत्ती प्रशोधन गरी 'रेड लेवल' ब्राण्डका रुपमा बजारमा बिक्री गर्ने तयारीका साथ ३२ टन म्याद गुज्रिएको सीटीसी नाम उल्लेख भएको चियापत्ती भण्डार गरेर राखेको थियो।

अनुगमनको क्रममा रिप्याकेजिङ गर्न तयार रहेको ३५ केजी तौलका ९ सय २० बोरा (३२ टन २ सय केजी) र अन्य नाम उल्लेख नभएका चियापत्ती फेला पारिएको रिजालले बताए।

उक्त सिटीसी चियाको प्याकेटमा उत्पादन मिति २०१९ उल्लेख छ भने उपभोग अवधि १८ महिना उल्लेख छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय नुवाकोटले गत आर्थिक वर्षको अन्त्य ताका युनिलिभरबाट प्रशोधित 'रेड लेबल' चिया को नमुना संकलन गरी परीक्षण गरेको थियो।कार्यालयले वार्षिक स्वीकृत कार्यक्रममध्ये बजार अनुगमनका क्रममा नमुना संकलन गरी सो चियापत्ती परीक्षण गर्न विभाग पठाएको खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय नुवाकोटका सूचना अधिकारी नवराज श्रेष्ठले स्वीकार गर्छन्।

खाद्य ऐन २०२३, खाद्य नियमावली २०२७ बमोजिम सो कार्यालयमो कार्यक्षेत्र रहेको रसुवा, नुवाकोट र धादिङका बजार क्षेत्रमा अनुगमन गर्दा युनिलिभरबाट प्रशोधित सो चियाको नमुनामा शंका उत्पन्न भई खाद्य वस्तुलाई खाद्य नियमावली २०२७ को नियम १० बमोजिम अनुसूची २ फारम भरेर शिलबन्दी गरी नमुना संकलन गरिएको उनले बताए।

संकलित नमुनालाई नियम ११ बमोजिम अनुसूची ४ फारम भरी विश्लेषणार्थ सार्वजनिक विश्लेषकसमक्ष पठाइएको उनको भनाइ छ।

विश्लेषकले प्राप्त नमुना विश्लेषण गर्दा प्रतिकुल पाइएमा सो अनुसारको विवरण तयार पारी विश्लेषणको प्रतिवेदन नमुना संकलन गरिएको जिल्लाको प्रमुख जिल्ला अधिकारी, अनुसूची ५ बमोजिमको पत्र खाद्य निरीक्षण समक्ष पठाइको उनले बताए।

सो चियाको प्रतिकुल विश्लेषण प्रतिवेदनको प्रारम्भिक अनुसन्धानसमेत सम्पन्न गरी उद्योग अवस्थित जिल्लामा पनि पठाइएको उनले बताए। मुद्दाको कार्यक्षेत्र खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाको रहेकाले सो प्रतिवेदन पठाईएको उनको भनाइ छ।

प्रतिकुल नमुनालाई बिकी वितरण गर्ने वा उत्पादन गर्नेलाई अनुसन्धान गरी प्रतिवादीलाई जिल्ला अदालत/जिल्ला प्रशासन कार्यालयमा मुद्दा पेश गर्ने व्यवस्था रहेको उनले बताए।

# पौडेल समूहका बर्मा लामा बने दोलखा काँग्रेसका सभापति



**बैतडी** / टुडे एक्सप्रेस

नेपाली काँग्रेस दोलखाको सभापतिमा बर्मा लामा निर्वाचित भएका छन्। सोमबार सम्पन्न दोस्रो चरणको मतदानमा कृष्णप्रसाद सिटौला समूहका तारा खड्कालाई पराजित गर्दै वरिष्ठ नेता रामचन्द्र पौडेल पक्षका लामाले सभापतिमा बाजी मारेका हुन्।

यसअघि आइतबार सम्पन्न मतदानमा सभापतिका उम्मेदवारहरूले ५० प्रतिशतभन्दा बढी मत ल्याउन नसकेपछि दोस्रो चरणको मतदान भएको हो। पहिलो चरणको मतदानमा पहिलो भएका लामा र दोस्रो भएका खड्काबीच प्रतिस्पर्धा भएको थियो। सभापति शेरबहादुर देउवा पक्षका वर्तमान सभापति रुद्र खड्का तेस्रो र केशव चौलागाईं चौथो भएर बाहिरिएका थिए।

उनीहरू बाहिरिएपछि दोस्रो चरणमा भएको निर्वाचनमा १ हजार ३७३ मत खसेकोमा लामाले आठ सय ७७ मत पाएका छन् भने खड्काले ४ सय ८५ मत प्राप्त गरे। देउवा पक्षले १३ औं महाधिवेशनमा जितेको दोलखामा १४ औंमा पौडेल पक्षको नेतृत्व आएको छ।

# अदालत घटस्थापनादेखि पूर्णिमासम्म बन्द हुने



**काठमाण्डौ** / टुडे एक्सप्रेस

सर्वोच्च अदालतका न्यायाधीशहरूको पूर्ण बैठक सकिएको छ। दसैं बिदा र बन्दी प्रत्यक्षीकरणको मुद्दा हेर्ने न्यायाधीशहरूको रोष्टर मिलाउन बसेको बैठकले यसबारे टुंगो लगाएको छ। सर्वोच्च अदालत स्रोतका अनुसार सर्वोच्च अदालत लगायत देशैभरका अदालतहरू घटस्थापनाको दिन अर्थात् असोज २१ गतेदेखि कोजाग्रत पूर्णिमा अर्थात् कात्तिक ३ गतेसम्म विदा हुने निर्णय भएको छ।

त्यसैगरी विदाका समयमा पनि बन्दी प्रत्यक्षीकरण लगायतका रिट निवेदनउपर आदेश गर्नका लागि न्यायाधीशहरूको टुङ्गो लगाइएको छ। न्यायाधीशहरूसँग छलफल गरी बार अनुसार न्यायाधीशहरूको टुंगो लगाइएको हो।

सर्वोच्चको पूर्ण बैठकमा विदा र न्यायाधीश तोक्ने बाहेक प्रधानन्यायाधीशमाथि केन्द्रित भएर आएका समाचारका सम्बन्धमा पनि छलफल हुन सक्ने आकलन गरिए पनि त्यस सम्बन्धमा भने कुनै छलफल नभएको सर्वोच्च स्रोतले रातोपाटीलाई बतायो।

# महाधिवेशनले कार्यकर्तामा नयाँ ऊर्जा थपेको छ : सहमहामन्त्री डा. महत

**काठमाडौा** / टुडे एक्सप्रेस

नेपाली कांग्रेसका सहमहामन्त्री डा.प्रकाशशरण महतले पार्टीको १४ औं महाधिवेशनको क्रममा कार्यकर्ताहरूमा अपूर्व उत्साह र ऊर्जा थपिएको बताउनुभएको छ।काठमाडौं क्षेत्र नं ५ र नुवाकोट जिल्लाका वडा र गाँउ नगर अधिवेशनबाट निर्वाचित कार्यसमितिका पदाधिकारी तथा क्षेत्रीय प्रतिनिधिको सम्मानमा आयोजित बधाई तथा शुभकामना कार्यक्रम पछि उहाँले सो कुरा बताउनुभएको हो।



उहाँले यो उत्साह र ऊर्जाले आउदो चुनावमा नेपाली कांग्रेसलाई अत्यधिक बहुमतले बिजयी गराउने संकल्प पूरा गर्न थप प्रेरित गरेको पनि बताउनुभएको छ।बधाई तथा शुभकामना कार्यक्रम पछि डा। महतले सामाजिक सञ्जालमा लेख्नुभएको छ, सम्पूर्ण साथीहरूमा देखिएको उत्साहले नेपाली कांग्रेसलाई वैचारिक रुपमा सबल, संगठित,अनुशासित र लोकप्रिय बनाएर आगामी निर्वाचनमा अत्यधिक बहुमतले विजयी बनाउने साझा संकल्प पूरा गर्ने आत्मविश्वास बढाएको छ।

सह(महामन्त्री डा।महतले नेपाली कांग्रेसको १४ औं महाधिवेशनको क्रममा वडा , गाउँ र नगर, क्षेत्र र जिल्ला अधिवेशनमा लोकतान्त्रिक प्रक्रियाबाट निर्वाचित हुनुभएका पदाधिकारी र क्षेत्रीय तथा महाधिवेशन प्रतिनिधि साथीहरूलाई हार्दिक बधाई ज्ञापन गर्नुभएको छ।

उहाँले काठमाडौं जिल्ला क्षेत्र नं ५ र नुवाकोटबाट निर्वाचित पदाधिकारी र प्रतिनिधिहरूलाई विजयादशमीको उपलक्ष्यमा आयोजित चियापान कार्यक्रममा स्वागत गर्न पाउँदा अत्यन्त हर्षित भएको पनि उल्लेख गर्नुभएको छ।

सहमहामन्त्री डा। महतले विजया दशमी २०७८ को शुभउपलक्ष्यमा नेपाली कांग्रेसमा आबद्ध, यसप्रति सद्भाव राख्नु हुने, लोकतान्त्रिक राजनीतिक व्यवस्थाप्रति प्रतिबद्ध र नेपालप्रति माया गर्नुहुने समस्त नेपाली दिदीबहिनी तथा दाजुभाइमा सुस्वास्थ्य,दीर्घायु,सुख(शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना दिनुभएको छ।

# सुनकाण्डका अभियुक्त गोरेलाई अदालतले सुनायो जन्मकैदको सजाय

**काठमाण्डौ** / टुडे एक्सप्रेस

चर्चीत ३३ किलो सुन काण्डका अभियुक्त चुडामणि उप्रेती गोरेलाई जिल्ला अदालत मोरङले जन्मकैदको सजाय सुनाएको छ।अदालतबाट गोरे सहित ८ जना दोषी ठहर भएका छन्।

जन्मकैदको सजाय हुनेमा गोरे भनिने चुडामणि उप्रेती, टेकराज मल्ल ठकुरी, लाक्पा शेर्पा, मोहन काफ्ले नरेन्द्र कार्की र भोजराज भण्डारी छन्। थप दुई जनालाई तीन वर्ष र ६ महीना कैद सजाय सुनाइएको छ।



उक्त सुन तस्करी प्रकरणमा मुछिएका सबै प्रहरीले भने अदालतबाट सफाइ पाएका छन्।

अदालतले मोरङ उर्लाबारीका सनम शाक्य हत्यासँग जोडिएको करिब ३३ किलो सुन तस्करी सम्बन्धी मुद्दाको फैसला आज सुनाएको हो।

जिल्ला अदालत मोरङका न्यायाधीश भरत लम्सालको इजलासबाट गत आइतबार मुद्दाको अन्तिम सुनुवाइ सकिएको थियो।

# एमालेका पूर्वसांसद तामाङ ठगीको आरोपमा पक्राउ

**काठमाडौा** / टुडे एक्सप्रेस

नेकपा एमालेका पूर्वसंसद इच्छाराज तामाङ पक्राउ परेका छन्। केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले ठगी र रकम हिनामिनाको आरोपमा इच्छाराज तामाङलाई सोमबार पक्राउ गरेको हो।

तत्कालीन सिभिल सहकारी तथा सिभिल बैंकमा राखेको रकम हिनामिना गरेको आरोपमा तामाङलाई पक्राउ गरिएको सिआइबीले जनाएको छ।केन्द्रीय अनुसन्धान ब्युरो प्रमुख प्रहरी नायब महानिरीक्षक धीरजप्रताप सिंहका अनुसार तामाङसहितका व्यक्तिलाई सुन्धारा क्षेत्रबाट पक्राउ गरिएको हो।



उनीहरूविरूद्ध निक्षेपकर्ताहरूले ब्युरोमा जाहेरी दिएको सिंहले जानकारी दिए। 'हालसम्म ४६ करोड रुपैयाँ ठगीको निवेदन परेको छ, निवेदन आजै दर्ता भएको हो,' सिंहले भने, 'यसबारे विस्तृतमा भोलि जानकारी दिइने छ।'

# अष्ट्रेलियाले २०२२ सम्म बाह्य पर्यटक नभित्र्याउने



**रासस** / सिन्हवा

अष्ट्रेलियाले अर्को वर्ष (२०२२) सम्म बाह्य पर्यटकहरूलाई नभित्र्याउने भएको छ।

प्रधानमन्त्री स्कट मोरिसनले मङ्गलबार बताएअनुसार कुशल आप्रवासीहरू र

विद्यार्थीहरूलाई अष्ट्रेलिया प्रवेशमा भने उच्च प्राथमिकता दिइनेछ।

अष्ट्रेलियाले आजसम्म १६ वर्ष माथिका ८० प्रतिशत जनतालाई कोभिड विरुद्धको दोस्रो मात्राको खोप लगाइसक्ने जनाएको छ। गत हप्ता प्रधानमन्त्री मोरिसनले खोप लगाएका नागरिक र स्थायी बासिन्दाहरूलाई पहिलो पटक नोभेम्बरबाट विदेश उडान गर्न अनुमति दिने योजना सार्वजनिक गरेका थिए।

गत वर्ष मार्चमा लिइएको सीमा प्रतिबन्धको निर्णयपछिको यो सीमा खुकुलो बनाउने पहिलो र महत्त्वपूर्ण निर्णय थियो। यसै बीच प्रधानमन्त्री मोरिसनले मङ्गलबार अष्ट्रेलियालीहरू पछि स्वदेश प्रवेशको अबको प्राथमिकता बाह्य पर्यटकहरू भन्दा कुशल आप्रवासीहरू र अन्तरराष्ट्रिय विद्यार्थीहरू हुने बताएका छन्।

अन्य देशहरूबाट अष्ट्रेलिया प्रवेश गर्नेहरूको सङ्ख्या दोस्रो विश्वयुद्धपछि सबैभन्दा कम कोभिड महामारी र यसबाट सृजित प्रतिबन्धका कारण भएको हो। कोभिड महामारीले अष्ट्रेलियाली विश्वविद्यालयहरूमा अत्यन्तै नकारात्मक असर पारेको छ। किनकि यहाँका प्रायः विश्वविद्यालयहरू विदेशी विद्यार्थीले तिर्ने शुल्कमा निर्भर हुने गर्दछन्।

जारी सीमा प्रतिबन्ध निरन्तर रहदाँ अन्तरराष्ट्रिय विद्यार्थी अन्य मुलुकमा जानसक्ने डरले यहाँका विश्वविद्यालयहरू चिन्तित देखिन्छन्।

प्रधानमन्त्री मोरिसनले सेभेन नेटवर्क टेलिभिजनलाई भने, "अर्को प्राथमिकता कुशल आप्रवासी हुन् जो देशका लागि धेरै महत्त्वपूर्ण छन् र जसले पूर्ण खोप पनि लगाएका छन्।

साथसाथै अष्ट्रेलियामा अध्ययन गर्न आउने र अध्ययनपश्चत् फर्किने विद्यार्थी पनि त्यतिकै महत्त्वपूर्ण छन्।" अष्ट्रेलियन पर्यटन परिषद् जसले एक क्षेत्रको प्रतिनिधित्व गर्दछ त्यसले महामारीभन्दा पहिले अन्तरराष्ट्रिय पर्यटकहरूबाट मात्र एक वर्षमा ४५ अर्ब अस्ट्रेलियन डलर कमाएको थियो। यस परिषद्ले मार्च सम्ममा सीमा प्रतिबन्ध हट्ने र

बाह्य पर्यटकको आवागमनमा सहजता आउने अपेक्षा गरेको छ। अष्ट्रेलियाले कोभिड विरुद्धको खोप अभियानलाई तीव्र बनाइरहेको छ तर पनि सङ्क्रमण भने नियन्त्रणमा आइसकेको छैन।

# प्रदर्शन होइन, नतिजा महत्त्वपूर्ण : प्रशिक्षक अलमुताइरी



**टुडे एक्सप्रेस** / काठमाडौं

नेपाली राष्ट्रिय फुटबल टोलीका प्रशिक्षक अब्दुल्लाह अलमुताइरीले साफ च्याम्पियनसिप २०२१ अन्तर्गत दोस्रो खेलमा श्रीलंकालाई पराजित गरेपछि प्रतियोगितामा प्रदर्शनभन्दा नतिजा महत्त्वपूर्ण हुने बताएका छन्। खेलपछि पत्रकार सम्मेलनमा बोल्दै प्रशिक्षक अलमुताइरीले नेपालले लगातार दोस्रो जित हासिल गरेकोमा खुसी व्यक्त गरे। 'म तीन अंक जोड्न सकेकोमा धेरै खुसी छु। खेल निकै कठिन थियो। यो प्रतियोगितामा अंक निकै महत्त्वपूर्ण छ र हामीले सम्भव भएको ६ मा सबै ६ जित्न सकेका छौं,' उनले भने, 'हाम्रो अब फाइनल पुग्ने १ प्रतिशत सम्भावना रहेको मेरो बुझाइ छ। प्रतियोगिता अझै बाँकी छ, म खेलाडी र समर्थकबाट निरन्तर साथको अपेक्षा छ। अब दबाब अन्य टोलीलाई छ।'

प्रशिक्षक अलमुताइरीले साफ च्याम्पियनसिपमा टोलीको प्रदर्शन भन्दापनि नतिजामा ध्यान दिनुपर्ने अभिव्यक्ति दिए। 'प्रतियोगितामा प्रदर्शन भन्दापनि नतिजा महत्त्वपूर्ण हुन्छ। विपक्षीले बल राख्न चाहन्छ भने राखुन्, मलाई मतलब छैन। मलाई अंक चाहिएको छ। यदि मैत्रीपूर्ण खेल हो भने, प्रदर्शन महत्त्वपूर्ण हुन्छ। किनकि त्यसले प्रतियोगितामा खेल्न राम्रो गराउँछ,' उनले थपे।

खेल अनुसार रणनीति हुने भन्दै उनले टोलीले जितका लागि खेल्ने स्पष्ट पारे। 'हुनसक्छ आज हामीले खेलेको रणनीति कतिलाई मन परेन होला। माल्दिभ्सको खेल पनि मन पराएनन् होला। तर म दुखि हुन्न। हामीले सम्भव भएको ६ अंक नै जितेका छौं,' उनले भने, 'अर्को खेलमा भारतले बल पोसेसन राखेर खेलेपनि मलाई केहि छैन। भारतले ९८ प्रतिशत नै बल पोसेसन राख्छ र हामी १-० जित्छौं भने मलाई नतिजा महत्त्वपूर्ण छ। त्यसैले अब हामीले विश्राम लिनेछौं र खेलको तयारी गर्नेछौं।' नेपालविरुद्ध लगातार दोस्रो हार बेहोरेपनि प्रतियोगितामा श्रीलंकाले अझै अन्य टोलीलाई हराउन सक्ने बताए। 'मेरो विचारमा कुनैपनि टोलीविरुद्ध यो नतिजा हासिल गर्छु भन्न सक्ने अवस्था छैन। अर्को चरणमा कुन टोलीले कसलाई हराउँछ भन्न सकिन्न। श्रीलंकाले पछिल्लो खेलबाट सुधार गरेको छ। भारतले बंगलादेशविरुद्ध २ अंक गुमाएकोमा दबाब थपिएको छ। हामीले अब धैर्य गर्न आवश्यक छ। हतार गर्नुहुन्न,' उनले थपे।

प्रशिक्षक अलमुताइरीले आफूले खेलाडीलाई दबाबबाट टाढा राख्दै मिडियामा भने फरक प्रस्तुति दिएको बताए। 'मैले खेलाडीसँग बोल्दा कडा मिहिनेत आवश्यक रहेको बताएको छु। मैले मिडियामा भनेको कुरा मानसिक रुपमा खेल खेलिरहेको हो। तर खेलाडी सधैं दबाबबाट टाढा हुनुपर्छ। मैले खेलाडीलाई मिडियासँग बोल्न नदिन पनि सक्छु। तर यो सब खेलाडीलाई दबाबबाट टाढा राख्न हो,' उनले भने। नेपालले अब भारतविरुद्ध आइतबार हुने खेलमा जित हासिल गरे पनि फाइनल पुग्ने सम्भावना छ। त्यसका लागि विहीबार हुने खेलको नतिजा नेपालको पक्षमा आउनुपर्नेछ। नेपाल विहीबार विश्राममा रहँदा भारतले श्रीलंका तथा माल्दिभ्सले बंगलादेशसँग खेल्नेछन्। नेपालले अब लिगमा आइतबार भारत र बुधबार बंगलादेशको सामना गर्नेछ।

# जापानका नवनियुक्त प्रधानमन्त्रीलाई विश्वका नेताहरूको बधाई



**रासस** / सिन्हवा

जापानको प्रधानमन्त्रीमा फुमिओ किशिदा नियुक्त भएकामा विश्वका नेताहरूले उहाँलाई बधाई ज्ञापन गर्नुभएको छ। उहाँ सोमबार प्रधानमन्त्रीमा नियुक्त हुनुभएको हो। नवनियुक्त प्रधानमन्त्री किशिदालाई रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले बधाई दिनुभएको छ। राष्ट्रपति पुटिनले आगामी दिनमा जापानी प्रधानमन्त्री किशिदासँग मिलेर काम गर्न आफू इच्छुक रहेको पनि बताउनुभएको छ। साथै उहाँले आगामी आम निर्वाचनका लागि पनि नवनियुक्त प्रधानमन्त्री किशिदालाई शुभकामना दिनुभएको छ।

त्यसैगरी चिनियाँ राष्ट्रपति सि चिनफिङले पनि नवनियुक्त प्रधानमन्त्री किशिदालाई बधाई दिनुभएको छ। उहाँले नवनियुक्त प्रधानमन्त्री किशिदाको समयमा चीन जापान सम्बन्ध राम्रो रहने बताउनुभएको छ।

त्यस्तै चिनियाँ प्रधानमन्त्रीले पनि नवनियुक्त प्रधानमन्त्रीलाई बधाई सन्देश पठाउनुभएको छ।

उता नवनियुक्त प्रधानमन्त्री किशिदाले प्रधानमन्त्रीमा नियुक्त भएकै दिन आम निर्वाचनको तयारी पनि थाल्नुभएको बताइएको छ। उहाँले देशको १०० औं प्रधानमन्त्रीमा नियुक्त भएपछि सोमबार पत्रकार सम्मेलनको आयोजना गर्नुभेको थियो। त्यस क्रममा उहाँले निर्वाचनको तयारी सुरु गर्ने घोषणा गर्नुभयो।

उहाँले यही अक्टोबर ३१ मा जापानमा आम निर्वाचन गराउने तयारी गर्नुभएको हो। जापानको प्रतिनिधिसभाको म्याद यही अक्टोबर २१ देखि सकिन लागेको छ। त्यसैले उहाँले जिम्मेवारी सम्हाल्ने वित्तिकै निर्वाचनको घोषणा गर्नुभएको हो।

निर्वाचन गराउने प्रयोजनकै लागि उहाँले यही अक्टोबर १४ मा यहाँको संसदको तल्लो सदन विघटन गर्नुहुने छ र निर्वाचनको औपचारिक सुरुआतको घोषणा गर्नुहुनेछ।

# बेलायतमा कोरोना सक्तमण झन् बढ्दै, एकै दिन ३५ हजारभन्दा बढी संक्रमित



**रासस** /सिन्न्वा

बेलायतमा पछिल्ला केही दिनमा कोरोना भाइरसको सङ्क्रमण झन् बढेको देखिएको छ। यहाँका स्वास्थ्य अधिकारीहरूले सरकारी प्रयासका बाबजुत पनि यहाँ कोरोनाबाट हुने सङ्क्रमण दैनिक कमी नआएको बताइएको छ। सरकारी अधिकारीले दिएको पछिल्लो जानकारीअनुसार थप ३५ हजार ७७ जना एकै दिनमा सङ्क्रमित भएका छन्। बेलायतमा अहिलेसम्म कुल ७९ लाख ३४ हजार ९२५ जना सङ्क्रमित भएको स्वास्थ्य मन्त्रालयद्वारा जारी वक्तव्यमा उल्लेख गरिएको छ। यहाँ पछिल्लो २४ घन्टामा कोरोना भाइरसका कारण मात्रै ३३ जनाको मृत्यु भएको अधिकारीले जानकारी दिएका छन्। योसँगै बेलायतमा अहिलेसम्म कोरोनाका कारण एक लाख ३६ हजार ९८६ जनाको मृत्यु भएको छ। बेलायतमा कोरोनाभाइरसबाट सङ्क्रमित भएकामध्ये करिब सात हजार जना अझै पनि अस्पतालमै उपचाररत छन्। बेलायतका १६ वर्ष माथिका झण्डै ९० प्रतिशत मानिसले कोरोना भाइरसविरुद्धको खोपको पहिलो मात्रा लगाएका छन्। त्यसैगरी करिब ८२ प्रतिशतले दुवै मात्रा खोप लगाएका पनि स्वास्थ्य मन्त्रालयलको तथ्याङ्कमा उल्लेख छ। यहाँ पछिल्ला दिनहरूमा कम्तीमा पनि ३० हजार जनामा यो महामारीको प्रकोप फैलिइरहेको देखिएको छ। यहाँका अधिकारीहरूले बेलायतमा कोरोना भाइरसको प्रकोप बढ्दै गएको पाइएको बताएका छन्।

# जुत्ताले नरोकेको खुट्टाको कौशल

**टुडे एक्सप्रेस** / काठमाण्डौं

राष्ट्रिय ए डिभिजन फुटसल लिग अन्तर्गत लिग चरणको अन्तिम खेलमा मंगलबार घरेलु टोली सविन मेमोरियलको लागि निर्णायक दिन थियो। पोखराको स्थानीय टोली सविन मेमोरियललाई प्लेअफ पुग्नका लागि शंखमुल फुटसलमाथि जित हासिल गर्नुको विकल्प थिएन। यस्तोमा टोलीका मुख्य फरवार्ड अभिनाष तामाङ नहुँदा टोली यसै दबाबमा परिसकेको थियो।

प्लेअफमा स्थान पक्का गरिसकेको शंखमुल आफैं पनि क्वालिफायरको दौडमा थियो। अन्तिम खेलमा सविन मेमोरियलको जितमा नायक बने मनिष क्षेत्री। मनिषले म्यान अफ द म्याच प्रदर्शन गर्दै सविन मेमोरियलको प्लेअफ यात्रा पक्का गरे। मैदानमा विपक्षीलाई नचाउने यिनै मनिषको पिडा भने बेग्लै छ। खुट्टामा भरपुर क्षमता बोकेका उनले आफ्नो साइजको जुत्ता नपाउँदा अझै स्तरअनुसार प्रदर्शन गर्न सकिरहेका छैनन्।

सविन मेमोरियलका लागि ५ नम्बर जर्सीमा पातलो ज्यान लिँदै विपक्षी छक्याउने खेलाडी हुन् मनिष। आर्टिफिसियल मैदानमा खेल्दा त बल्ल बच्चाको साइजको जुत्ता लगाएर खेल्ने उनले अधिकारिक फुटसल कोर्टमा खेल्दा आफ्नो साइजको जुत्ता नै पाएनन्। तरपनि उनले केहि ठूलो जुत्ता लगाएरै खेलिरहे।

मनिष गोलका लागि पास दिनमात्र नभई आफैं गोल गर्न पनि माहिर खेलाडी हुन्। तर, मंगलबार भने स्थिति फरक थियो। आफ्नो जुत्ताकै कारण सोचे जस्तो प्रदर्शन गर्न नसकेका मनिषलाई अघिल्लो खेलहरूमा झैं उनलाई गोल मिस गर्ने कुर्न छुट थिएन। अझ सविनका मुख्य गोलकर्ता अभिनाष घाइते हुदाँ उनमा जिम्मेवारी पनि थपिएको थियो।

एकातिर जुत्ताको समस्या अर्कातिर लिगको बलियो मध्येको टिमविरुद्ध जित्नैपर्ने दबाब। तर, उनले हार मानेनन्। जुत्ताभित्र तलुवा थपेरै भएपनि उनले खेल खेले। यसअघि ढुकु फुटसल संग खेल्दापनि त्यसरीनै तलुवा थप्दा उनको जुत्ता खुकुलो भएकाले फुस्किएको थियो। मंगलबारको खेलमा त्यहि खुकुलो जुत्ताको गोलमा उनको टोलीले खेल जित्न आशा जिवित राख्यो। मनिषले खेलको २४ औं मिनेटमा टिमका लागि दोस्रो गोल गरेका थिए। पहिलो गोल भने समिर प्रधानले २० औं मिनेटमा फ्रिकिकमा गरेका थिए। दोस्रो हाफको २५ औं मिनेटमा पुग्दा २-१ को स्थितिमा थियो। ३४ औं मिनेटमा मनिषले बल पाए तर, उनले त्यहाँ आफुले प्रहार गर्दा जुत्ता ठुलो भएकाले जेपनि हुनसक्ने भन्दै साथिलाई पास दिए। उनले लिएको त्यो निर्णयले सविनको प्लेअफको सम्भावना जिवित राख्यो। उनको पासमा सुनिल विकले गोल गरे। अन्ततः ४० औं मिनेटमा रेफ्रीले अन्तिम सिठि बजाएपछि मनिष भावुक हुँदै फुटसल कोर्टमा घोप्टिए। उनको टोली ३-१ ले विजयी भयो। उनै मनिष खेलको म्यान अफ दि म्याच समेत घोषित भए।

'मेरो साइजको फुटसल बुट नै नपाइने। अर्को सानो सानो गेडी भएको बुट लगाएर खेल्न यहाँ नपाउने निकै समस्या भएको छ,' उनले सुनाए,'पसलमा जादाँ बेबि साइजको जुत्ता आउँदैन भाइ भन्यो। टिममा सबैको आफ्नो साइजको जुत्ता छ मेरो मात्रै छैन।'

'पहिला पनि तलुवा थपेर खेलेको झन् ठूलो भयो। तर आज मलाइ टिमका लागि केहि गर्नपर्ने थियो,' मनिषले भने। उता सविनका मुख्य प्रशिक्षक राजेन्द्र तामाङले मनिष अघिल्लो खेलहरूमा हौसला गुमाएको बताए। 'हामीलाई कुनैपनि हालतमा जित्न पर्ने थियो। मनिषको अगाडिको खेलहरूमा के कारण हो प्रदर्शन एकनासको थिएन। तर, आज राम्रो प्रदर्शन भयो,' उनले भने,'खेलाडीलाई आज मैले फुटबलको कुरा सुनाएर मोटिभेट गरे। मणि लामा देखेर उनीहरूको मनोबल केहि खस्केको थियो। को कस्तो भन्नेले फरक पार्दैन तिमीहरू आफ्नो खेलमा ध्यान देउ भनेपछि केही सहज भयो। खेलाडी लयमा फर्किएकै कारण गोल गर्न सफल भयौं।' जितको सम्भावना कम भएको अवस्थामा काउन्टर अट्याकको खेल खेलेको उनले सुनाए। खेलाडीले पहिलो पटक यस्तो जुत्ता लगाएका कारण पनि सुरुवाती खेलहरूमा असहज भने भएको उनले बताए। तर, मनिषले भने जुत्ताको बारेमा आफुसंग केहि कुरा नगरेको सुनाए।

यो खेलसंगै राउन्डरोविन आधारमा खेलाइएको लिग चरण सम्पन्न भएको छ। अब सविनले फाइनलका लागि एलिमेटर राउन्ड खेल्नुपर्नेछ। एलिमेटरमा सविनले पुनः शंखमुलकै सामना गर्नुपर्नेछ। जितसंगै सविनको ९ खेलबाट १६ अंक रहँदै लिगतालिकाको चौथो स्थानमा उक्लिएको छ। सविनले ५ खेलमा जित, ३ खेलमा हार र १ खेल बराबरी खेलेको थियो।तालिकाको दोस्रो स्थानमा रहेको द र इजिङ क्लब धरानको भने ९ खेलबाट १९ अंक रहेको छ। राइजिङले ६ खेलमा जित, २ खेलमा हार र १ खेल बराबरी खेलको थियो। शंखमुलको भने ९ खेलबाट १९ अंक रहेको छ। शंखमुलले ५ खेलमा जित, १ खेलमा हार र ३ खेल बराबरी खेलेको थियो। उता लिगको शिर्षस्थानमा रहेको अर्को घरेलुटोली स्पोर्ट्स क्यासलको भने ९ खेलबाट २२ अंकका साथ तालिकाको शीर्षस्थानमा रहेको छ। क्यासलले ७ खेलमा जित १ खेलमा हार र १ खेल बराबरी खेलेको थियो। अब लिग शिर्षस्थानको टोली क्यासल र दोस्रो स्थानको टोली द राइजिङले फाइनल प्रवेशका लागि बुधबार पहिलो क्वालिफायर खेल्नेछ। तालिकाको तेस्रो स्थानमा रहेको शंखमुल र चौथो स्थानको सविनले एलिमिनेटर खेल्नेछन्। क्वालिफायरमा पराजित हुने टोलीले फाइनलमा स्थान बनाउन एलिमिनेटरको विजेतासँग विहीबार खेल्नेछ।

छापावाल सुन प्रति तोला रु.९२,५००/-
तेजावी सुन प्रति तोला रु.९२,०००/-
चाँदी प्रति तोला रु.१,२६०/-

# हेटौंडामा बजार अनुगमन तीन व्यवसायीलाई जरिवाना



**काठमाण्डौ** / टुडेएक्सप्रेस

हेटौंडामा बजार अनुगमनको क्रममा तीनवटा पसल सञ्चालक कारबाहीमा परेका छन्। संयुक्त बजार अनुगमन टोलीले बजार अनुगमनको क्रममा उपभोक्ता हित विपरीत काम गर्ने पसल सञ्चालकलाई कारबाही गरेको हो।

तीनवटा पसललाई कारबाही गरेर ४० हजार रुपैयाँ जरिवाना समेत असुल गरिएको र एउटा औषधि पसलमा तालाबन्दी गरिएको जिल्ला प्रशासन कार्यालय मकवानपुरले जनाएको छ।

नजिकिँदै गरेको दशैं, तिहार, छठ लगायत चाडपर्वलाई लक्षित गरेर मकवानपुरमा असोज ११ गतेदेखि नै सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वको बजार अनुगमन टोलीले बजार अनुगमन गरिरहेको छ। अनुगमन टोलीले ५७ वटा खाद्यान्न तथा किराना पसल, २७ वटा होटल तथा रेष्टुरेण्ट र ११ वटा औषधि पसलको अनुगमन गरिसकेको छ। खरिद बिल पेश नगरेको एउटा खाद्यान्न तथा किराना पसललाई १५ हजार, मूल्यसूची नराखेको र सरसफाइमा समेत ध्यान नदिएकाले एउटा होटललाई १० हजार रुपैयाँ र फार्मेसिष्ट नराखी औषधि बिक्री गर्ने औषधि पसलमा ताला लगाउनुको साथै एउटा औषधि पसललाई १५ हजार रुपैयाँ जरिवाना लिइएको प्रशासकीय अधिकृत गुणराजप्रसाद न्यौपानेले जानकारी दिए। अनुगमनका क्रममा व्यवसायीलाई मूल्यसूची प्रष्ट देखिने ठाउँमा राख्न, सरसफाइ गर्न, ग्राहकलाई बिल दिन, मास्क लगाउन तथा भीडभाड नगरी वस्तु तथा सेवा बिक्री गर्न सुझाव दिइएको उनले बताए।

# दशैंको चहल पहल बढेसँगै पेट्रोलियम पदार्थको खपत उच्च

**काठमाण्डौ** / टुडेएक्सप्रेस

देशैभर दशैंको चहलपहल बढेसँगै पेट्रोलियम पदार्थको खपत ह्वात्तै बढेको नेपाल आयल निगमले जनाएको छ। देशभर डिजेलको खपत दैनिक १२ लाख लिटरले बढेको निगमका प्रवक्ता विनितमणि उपाध्यायले बताए। यस्तै पेट्रोलको खपत सामान्य अवस्थामा भन्दा दैनिक ६ लाख लिटरले वृद्धि भएको उनले बताए।

सामान्य अवस्थामा दैनिक देशभर ४० लाख लिटर डिजेल खपत हुने गरेकोमा अहिले यस्तो खपत ५२ लाख पुगेको छ। यस्तै १९ लाख लिटर दैनिक खपत रहेको पेट्रोलको माग पनि २५ लाख लिटर पुगेको प्रवक्ता उपाध्यायले बताए। नौरथा लागेदेखि नै बढ्दो क्रममा रहेको पेट्रोलियमको माग हरेक दिन जसो बढी रहेको उनको भनाइ छ।

'घटस्थापना नजिकिएसँगै दैनिक खपत अझै चुलिएको छ, तर आपूर्तिमा कुनै समस्या छैन,' प्रवक्ता उपाध्यायले भने।

देशकै ठूलो सहर काठमाडौंमा पनि डिजेल तथा पेट्रोलको खपत दैनिक दुई लाख लिटर हाराहारीले बढेको थानकोटस्थित निगमको बागमती प्रादेशिक कार्यालयले




जनाएको छ। सामान्य दिनहरूमा दैनिक ७ लाख लिटर डिजेलको खपत हुने उपत्यकामा अहिले उक्त खपत ९ लाख हाराहारीमा पुगेको डिपोका वरिष्ठ साहायक कपिल भट्टले बताए।

यस्तै पेट्रोलको दैनिक खपत पनि झण्डै दुई लाख लिटर प्रतिदिनले बढेको छ। दैनिक औसत ६ लाख ५० हजार लिटर खपत हुने पेट्रोलको माग अहिले ८ देखि ८ लाख ५० हजारसम्म पुगेको छ।

# उकालो लाग्यो अमेरिकी डलर, नेपाली मुद्रा कमजोर बन्दै

**काठमाण्डौ** / टुडेएक्सप्रेस

नेपाली मुद्राको तुलनामा फेरि अमेरिकी डलर बलियो बन्न थालेको छ।

हिजोसम्म एक अमेरिकी डलरको विनिमयदर ११८.८९ रहेको थियो। आज बढेर एक डलरको बिक्री दर ११९.२० रुपैयाँ पुगेको छ। यस्तै, आज डलरको खरिद दर ११८.६० रुपैयाँ तोकिएको छ। यसका साथै, एक यूरोको बिक्री १३८.६१ र खरिद १३७.९१ रुपैयाँ कायम भएको केन्द्रीय बैंकले जानकारी दिएको छ।

एक पाउण्डको बिक्री १६१.९६ रुपैयाँ हुँदा १६१.१४ रुपैयाँमा बिक्री भइरहेको छ। यस्तै, ८६.७२ रुपैयाँमा बिक्री भइरहेको अष्ट्रेलियन डलरको खरिद दर ८६.२९ रुपैयाँ तोकिएको छ।

यता एसियन मुलुकतर्फ सिंगापुर डलरको बिक्री ८७.८२ रुपैयाँमा हुँदा ८७.३८ रुपैयाँमा बिक्री भइरहेको राष्ट्र बैंकले जनाएको छ। यस्तै, १० जापानी येनको बिक्री १०.७१ रुपैयाँमा हुँदा खरिद १०.६६ रुपैयाँमा भइरहेको छ।

चिनियाँ युवानको बिक्री १८.४९ रुपैयाँ तथा खरिद १८.४० रुपैयाँ र साउदी रियालको बिक्री ३१.७८ र खरिद ३१.६२ रुपैयाँमा भइरहेको छ। यस्तै, कतारी रियालको बिक्री ३२.७४ र खरिद ३२.५७ रुपैयाँ तथा संयुक्त अरब इमिरेट्सको दिरामको बिक्री ३२.४५ र खरिद ३२.२९ रुपैयाँ तोकिएको छ।

यसका साथै, मलेसियन रिंगटको बिक्री २८.५६ र खरिद दर २८.४१ रुपैयाँ ताथा १०० कोरियन वनको




बिक्री १०.०९ र खरिद १०.०४ रुपैयाँमा भइरहेको छ।

# अर्थ मन्त्रालयले माग्यो सरकारी गाडीको विवरण

**काठमाण्डौ** / टुडेएक्सप्रेस

अर्थ मन्त्रालयले सरकारी गाडीको विवरण माग गरेको छ। संसदको दिगो विकास तथा सुसासन समितिमा अर्थमन्त्री जनार्दन शर्माले पुराना गाडी कति कुन अवस्थामा छन् भन्ने विवरण आफूले माग गरेको जानकारी दिए। अर्थमन्त्री शर्माका अनुसार अर्थ मन्त्रालयमा नयाँ गाडी किन्न मन्त्रालय तथा विभिन्न निकायबाट अहिले पनि माग हुने गरेको छ। उनले भने, 'सरकारी सम्पत्ति कति छ थाहा छैन, गाडी किन्ने माग अहिले पनि आइरहन्छ, त्यसैले मैले सरकारी गाडीको लिस्ट मागेको छु।' नेपाल सरकारलाई कति गाडी चाहिने र त्यस अनुसार उपलब्ध भए-नभएको निश्चित भएपछि मात्र आवश्यकता



देखिएमा नयाँ गाडी किन्ने उनको भनाइ छ। 'गाडी चाहियो भन्छन्, 'उनले भने कति चाहिने हो, त्यो रेकर्ड चाहियो, रेकर्ड कतै भेटिँदैन, किन्दै जाने, कहाँ चलाइरहेको छ, थाहा नहुने ?' सरकारी निकायले भएका गाडी सिंहदरवारमा थन्काएर नयाँ माग गर्ने प्रवृत्ति भने पुरानै हो। यसअघि अघिल्लो सरकारले नै सरकारी सवारी साधनको विवरण संकलन गर्ने बताए पनि काम भन गरेको थिएन।

# कालोसूचीमा परे यी ७ निर्माण कम्पनी

**काठमाण्डौ** / टुडेएक्सप्रेस

सात निर्माण कम्पनी कालोसूचीमा परेका छन् । सम्झौतानुसार निर्माण सम्पन्न नगरेको भन्दै सार्वजनिक खरिद अनुगमन कार्यालयले आज एक सूचना जारी गरी कालोसूचीमा राखिएको जनाएको हो। कार्यालयले सार्वजनिक गरेको सूचनानुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा ९१० बमोजिम मङ्गलरबारदेखि लागू हुनेगरी ती निर्माण कम्पनीलाई एक वर्षदेखि तीनवर्ष सम्मका लागि कालोसूचीमा राखिएको हो। विशालनगरस्थित सडक विभाग आयोजना निर्देशनालयको सिफारिसमा भारतको महाराष्ट्रस्थित एमएस इण्डो इञ्जिनीयरिङ प्रोजेक्ट कर्पोरेसन तीन वर्षसम्मका लागि र नागार्जुन नगरपालिकाको सिफारिसमा काठमाडौंको ल्यान्ड्रिङ निर्माण सेवा दुई वर्षसम्मका लागि कालोसूचीमा परेका छन् । यस्तै विपीन भेट सेन्टर, रुपन्देहीको कक्षपति निर्माण सेवा, काठमाडौंको रचना ट्रेड इन्टरनेशनल, धादिङको नीलकण्ठ निर्माण सेवा एण्ड सप्लायर्स र भरतपुरको एडभेन्चर/दि आनन्द जेभी एक/एक वर्षका लागि कालोसूचीमा परेका छन्। कालोसूचीमा परेका कम्पनीले तोकिएको




अवधिभर सरकारी निकायको कुनै पनि खरिद तथा निर्माणका कार्यमा भाग लिन पाउने छैनन्। कालोसूचीमा पर्नुभन्दा अगाडि सम्झौता भएका कार्य भने निरन्तर हुने कार्यालयले जनाएको छ।

# व्यवसायिक फर्महरूले अब विदेशी मुद्रामै ऋण लिन पाउने

**काठमाण्डौ** / टुडेएक्सप्रेस

विदेशी मुद्रा आम्दानी गरेका नेपाली फर्म, कम्पनी तथा संघ संस्थाहरूले अब चाहेमा विदेशी मुद्रामा नै ऋण लिन पाउने भएका छन्। ने

पाल राष्ट्र बैंकले विदेशी मुद्रा भित्र्याउने सम्बन्धमा विदेशी ऋण समेत लिन सकिने व्यवस्था गर्दै व्यवसायिक फर्म तथा कम्पनी, संघ संस्थाहरूका लागि बैंक ग्यारेन्टी वा स्ट्यान्डवाई लेटर अफ क्रेडिट जारी गर्न स्वीकृति गर्ने व्यवस्था गरेसँगै यस्तो बाटो खुलेको हो।

मंगलबार एक सूचना जारी गर्दै बैंकले विदेशी मुद्रा आर्जन तथा ऋण लिने सम्बन्धमा बैंक स्वीकृति प्रदान गर्न सकिने व्यवस्थाको एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा.परिपत्र १४/२०७६ मा संशोधन गरिएको जनाउदै सोही बमोजिम गर्न/गराउन सबैमा परिपत्र जारी गरेको छ।










**नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादी जिल्ला संगठन कमिटी धनुषाको आज ३०१ सदस्यीय कमिटीको सपथ ग्रहण सम्पन्न भएको छ। जनकपुरधामको यात्री निवासको सभा हलमा जिल्ला अध्यक्ष,उपाध्यक्ष,सचिव र उपसचिवमा क्रमशः रामचन्द्र पण्डित,शीतल साह,सोम प्रसाद शर्मा र राजकुमार यादब लगायत ३०१ जनाको सपथ ग्रहण नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादीको स्थायी कमिटी सदस्य तथा प्रदेश २ समाजवादी**

# व्यास नगरपालिकामा अब घरनक्शाको काम अनलाइनबाट

**टुडे एक्सप्रेस** / रासस

व्यास नगरपालिकाले घरनक्शा पासको सम्पूर्णकाम अनलाइनबाट गर्न सुरुआत गरेको छ। यसका लागि नगरपालिकाले अनलाइनमा आधारित सफ्टवेयर निर्माण गरेको छ। घरनक्शा शाखा प्रमुख इञ्जिनीयर अमृत केसीका अनुसार भूकम्पप्रविधि राष्ट्रिय समाज नेपाल ९एनसेट० ले घरनक्शा निर्माण, सञ्चालन र मर्मतमा परामर्श सेवा उपलब्ध गराएको थियो। नगरपालिकाले विसं २०४९देखि घरनक्शा पासको काम गर्दै आएकामा पहिलो पटकदेखि अनलाइनबाट शुभारम्भ गरेको उहाँले बताउनुभयो।

"एक वर्षसम्म डिजिटल र हार्डकपी दुवैबाट काम गर्छौं र त्यसपछि सम्पूर्ण काम अनलाइनबाट मात्र हुन्छ," उहाँले भन्नुभयो, "त्यसबीचमा सबै तथ्याङ्क डिजिटलीकरण गर्छौं।"

उहाँका अनुसार व्यास नगरपालिकाभित्र आठ हजार ५०० घर नक्शापास गरेर निर्माण गरिएको छ।




नगरपालिकामा प्रत्येक वर्ष सातको सङ्ख्यामा भवन निर्माण भइरहेका छन्। घरधनी भवन निर्माण गर्न अनुमति प्रक्रियाका लागि पटक -पटक नगरपालिकाको कार्यालयमा जानुपर्ने बाध्यताको अन्त्य गर्न अनलाइनबाटै अनुमति प्रक्रियाको काम शुभारम्भ गरिएको नगरपालिकाका वरिष्ठ इञ्जिनीयर रवीन्द्रलाल मूलले जानकारी दिनुभयो। "अहिलेसम्म यहाँ निर्माण गरिएको भवनको डिजिटल डाटावेशको कुनै संयन्त्र छैन, अर्कोतर्फ भवन निर्माणको अनुगमन र भविष्यको योजनाका लागि भवनको तथ्याङ्क राख्ने व्यवस्था भएको छैन," उहाँले भन्नुभयो।

नगरपालिकाका लागि प्रभावकारी र सहजरुपमा नक्शा पास प्रक्रिया प्रणालीको विकास गर्न जरुरी देखिएकाले घरनक्शाको माध्यमद्वारा घरधनीलाई सहज प्रणाली, ग्राहक सेवा वृद्धि र भवन निर्माणको तथ्याङ्क सुरक्षित भण्डारणको अवधारणा ल्याइएको हो।

अनलाइनबाट भवन निर्माण अनुमति आवेदनको व्यवस्थापन, नक्सापास प्रक्रिया कागजातहरूको सहज भण्डारण, नक्सापास प्रक्रियाको सहज अनुगमन, भवन संहिता तथा भवन मापदण्डमा भएका प्रावधानहरूको अनुपालन जाँचमा सहजता आउने विश्वास लिइएको छ। व्यास डट घरनक्सा नेपाल डटकमबाट यसको सेवा लिन सकिन्छ।

समाज नेपालका इन्जिनियर सन्तोष खड्काका अनुसार अनलाइनबाट घरधनीले नक्सापासको प्रक्रियाका बारेमा सहजै जानकारी पाउनेछन्। "घरधनीले आफ्नो कामको प्रगति कहाँसम्म पुगेको छ भन्ने बारेमा पनि यही अनलाइनबाट जानकारी लिन सक्छन्," उहाँले भन्नुभयो, "सम्बन्धित व्यक्तिको विवरण हालेपछि समग्र जानकारी आउँछ।"

घरनक्साको अनलाइन सेवाको शुभारम्भ गर्दै जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले लामो प्रक्रियाका कारण सेवाग्राहीले सास्ती भोग्दै आएकामा अब अनलाइनबाट काम हुने भएपछि सहज रुपमा सेवा लिन पाउने बताउनुभयो। व्यास नगरपालिकाले राजश्व सङ्कलनको काम पनि अब अनलाइनबाट गर्नुपर्नेमा उहाँले सुझाव दिनुभयो। नगर प्रमुख वैकुण्ठ न्यौपानेले सेवाग्राहीमैत्री नगरपालिका बनाउने सोचका साथ घरनक्साको काम अनलाइनबाट शुरु गरिएको बताउनुभयो।

# मन्त्री थापासँग वन कर्मचारीका गुनासो

**टुडे एक्सप्रेस** / रासस



गण्डकी प्रदेशका वन, वातावरण तथा भूसंरक्षणमन्त्री दीपक थापाले सोमबार डिभिजन वन कार्यालय तनहुँले गरेका विकास निर्माणका कामको अवलोकन गर्नुभयो। साथै कार्यालयले आयोजना गरेको छलफलमा उहाँ सहभागी हुनुभयो। कार्यक्रममा डिभिजन वन र सबडिभिजन कार्यालयमा कार्यरत कर्मचारीको सहभागिता रहेको थियो। कर्मचारीले परिचयका क्रममै आफ्ना गुनासा धमाधम राख्न थाले। डिभिजन वन कार्यालय तनहुँका प्रमुख कोमलराज काफ्लेले बजेट कटौतीले सहज रुपमा काम गर्न नसकिएको गुनासो पोख्नुभयो। "गत वर्षको भन्दा यस वर्ष बजेट न्यून छ कसरी काम गर्ने ? गत वर्षको योजनालाई कसरी निरन्तरता दिने ?" चितुवाबाट प्रभावित जिल्ला तनहुँमा चितुवा छोप्नै कठिनाइ तथा छोप्यो व्यवस्थापन गर्न समस्या छ। केही दिन अघि पनि एउटा चितुवा नियन्त्रणमा लिइएको थियो। "आँखा देख्न सक्दैन तर स्वास्थ्यकर छ अहिले मासिक तेह्र/चौध हजार खर्च हुन्छ बजेट छैन कसरी व्यवस्थापन गर्ने ?", उहाँको भनाइ थियो। त्यसैगरी डिभिजन प्रमुख काफ्लेले वन्यजन्तुबाट घरपालुवा जनावरमा आक्रमण गरी क्षति पुऱ्याउँदा प्रदान गरिने क्षतिपूर्ति अन्यायपूर्ण प्रक्रिया भएकाले जनताले राहत पाउने गरी व्यवस्था गरिनुपर्ने सुझाव राख्नुभयो। वन्यजन्तुको आक्रमणमा परी चारखुट्टे जनावरको मृत्यु भएमा राहत दिने तर दुईखुट्टे जनावरको मृत्यु हुँदा राहत नदिने व्यवस्था भएकाले नीति तथा कार्यनीतिमा समावेश गर्नुपर्ने देखिएको उहाँले बताउनुभयो। त्यसैगरी सबडिभिजन कार्यालय बन्दीपुरका सहायक वन अधिकृत सुरेशकुमार भुजेलले मर्स्याङ्दी नदीको कटानले कार्यालय भवन धरापमा परेकाले त्यसलाई कसरी बचाउन सकिन्छ पहल गरिदिन अनुरोध गर्नुभयो। ऋषिङ सबडिभिजनका सहायक वन अधिकृत ताराबहादुर गुरुङले कार्यालयको भवन निर्माण भए पनि पानी जडान नहुँदा सास्ती भोग्नुपरेको गुनासो राख्नुभयो। व्यक्तिले अधिग्रहण गरेको करिब ५९ रोपनी क्षेत्रफल फिर्ता लिएर चाप, खयर, चिउरीलगायत बिरुवा लगाए पनि तारबार गर्ने बजेट नहुँदा बिरुवा जोगाउन कठिनाइ भएको गुनासो पोख्नुभयो। त्यसैगरी भिमाद सबडिभिजनका सहायक वन अधिकृत महाप्रसाद ओझाले कार्यालयमा कर्मचारी अभाव हुँदा काम गर्न कठिनाइ भएकाले कर्मचारी दरबन्दीको व्यवस्था गरिदिन माग गर्नुभयो। देवघाट र भानुनगरपालिकामा पानी नहुँदा नर्सरीमा बिरुवा उत्पादन गर्न कठिनाइ भएकाले त्यसतर्फ बेलैमा ध्यान दिनुपर्ने बताइएको छ। कर्मचारीको गुनासो सुनेपछि मन्त्री थापाले गुनासा र सुझावलाई क्रमिक रुपमा सुधार तथा सम्बोधन गर्दै वन ऐनसम्बन्धी समस्यालाई निराकरण गर्न पहल गरिने बताउनुभयो।




**प्रधान सम्पादक तथा प्रकाशक** : सितल साह, **कार्यकारी निर्देशक** : रोशन साह, **काठमाडौं उपत्यका कार्यालय** : मनहरा करिडोर, ललितपुर-९, **फोन** : ०१-५१८६६२५, **कार्यालय** : जनकपुरधाम-८, पिडारी चोक, **फोन** : ०४१-५९००९७, **Email** : etodayexpress@gmail.com, जिप्रका धनुषा द.नं. १०८, २०६१/०६२, **मुद्रण** : रोशन अफसेट प्रेस, भक्तपुर